**हातधुने बानी बसालौं, सङ्क्रमणबाट जोगिऔं**

साबुनपानीले मिचीमिची हात धोऔं ।

- हत्केला पछाडि, औंलाको बीच, नङभित्रलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

**जीवाणुलगायत सङ्क्रमणबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय ‘क’ वर्ग

eprateekdaily.com




❖ वर्ष ३६ ❖ २०७९ भदौ १६ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 September 01 Thursday ❖ मूल्य ५/-❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५

## महानगरका सहकारीमा बचतकर्ताहरूको भीड बढ्दै

प्रस, वीरगंज, १५ भदौ/

वीरगंज महानगरमा रहेका सहकारी संस्थाहरू भाग्ने क्रम फेरि शुरू भएको छ । दुई साताको अन्तरालमा दुईवटा सहकारी संस्था बचतकर्ताहरूको रकम लिएर फरार भएका छन् ।



तस्वीर: प्रतीक

वीरगंज महानगर-१ स्थित मानव बचत तथा ऋण सहकारी संस्था तथा वीरगंज-६ माईस्थानमा रहेको प्रतीक बचत तथा ऋण सहकारी संस्थाले बचतकर्ताको रकम लिएर भागेको चर्चा छ । मानव बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक १० दिनअघि संस्था बन्द गरेर रातारात फरार भएका हुन् । स्थानीय युवकहरूले सञ्चालन गरेको सो संस्थामा स्थानीय दैनिक ज्याला मजदूरी गर्नेहरूले रकम जम्मा गर्ने गरेको र अहिले बचत रकम नपाएपछि बचतकर्ताहरू बिचल्लीमा परेको बताइएको छ ।

यसैगरी, माईस्थानस्थित प्रतीक बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकहरू पनि सटर बन्द गरेर फरार रहेको स्थानीयले बताएका छन् । केही दिनअघि सानो पाइला बचत तथा ऋण सहकारी संस्था पनि विवादमा आएको थियो । बचतकर्ताहरूको रकम फिर्ता नगरेको भनेर सो संस्थाविरुद्ध विभिन्न चर्चा चलाइएको थियो । सो सहकारीले प्रतिबचतकर्ता अहिले दैनिक बढीमा बचत रकममध्ये २५ हजार फिर्ता गर्ने भनेको छ र यसको अनुगमन वीरगंज महानगरपालिकाले गर्दैछ ।

स्थानीय पालिका गठनपछि सहकारी संस्थाहरूको अनुगमन, निगरानी अहिले महानगरको जिम्मामा आएको छ । विसं २०७४ पछि स्थानीय तह अन्तर्गत सहकारीको जिम्मेवारी महानगरले पाएको हो । वीरगंज महानगरपालिकाको सहकारी शाखाका सुनील कर्णले महानगरमा अहिले १९७ वटा सहकारी संस्था दर्ता रहेको र सोमध्ये सातवटाविरुद्ध गुनासो आएको बताए ।

उनले छपकैया र माईस्थानका दुईवटा सहकारीले बचतकर्ताको रकम फिर्ता नगरेको गुनासो आएको र सातवटाविरुद्ध उजूरीहरू परेको बताए । सहकारी संस्थाहरूले रकम फिर्ता नगरेको हल्लासँगै अहिले भाका पूरा नभएका बचतकर्ताहरू पनि सहकारी संस्थाहरूमा आफ्नो रकम लिन तँछाडमछाड गरिरहेका छन् ।

भाका पुगेकाहरूले रकम माग गर्नु जायज भएपनि भाका नपुगेकाहरूले रकम माग गर्दा सहकारीहरूलाई समस्या भएको छ ।

पर्सा जिल्लामा सहकारीहरू बचतकर्ताको रकम लिएर भाग्ने गरेको घटना नौलो होइन । यसअघि पनि बचतकर्ताहरूको लाखौं-करोडौं रुपैयाँ लिएर सहकारीहरू फरार भइसकेका छन् । अहिले पनि कतिपय सहकारी संस्थाका सञ्चालकहरू फरार छन् । बचतकर्ताहरूको रकम उचित ठाउँमा लगानी गर्ने र सो लगानीबाट उठ्ने ब्याज र बचतकर्तालाई दिने ब्याजबीचको अन्तरबाट सञ्चालित सहकारीहरू जोखिममा छैनन् । तर बचतकर्ताहरूको रकम जथाभावी लगानी गर्ने तथा बचत रकमलाई निजी सम्पत्ति सरह ठान्ने सहकारीहरू जोखिममा पर्दै आएका छन् । सहकारी सञ्चालन गर्दा वित्तीय जानकारी नभएका व्यक्तिहरूको सहभागिता गराइने हुँदा यस प्रकारका घटनाहरू दोहोरिने गरेको सहकारी विज्ञहरू बताउँछन् ।

## मिटरब्याजी पीडितको दु:खेसो, जति तिर्दा पनि ऋणमुक्त भइएन

प्रस, परवानीपुर, १५ भदौ/

वीरगंजमा मिटरब्याजी पीडितहरूले आरोपीहरूमा बाराको आदर्शकोतवाल गापा-३ बस्ने


तस्वीर: प्रतीक

पत्रकार सम्मेलनमा जानकारी गराउँदै दयाशङ्करप्रसाद यादवकी आमा, पत्नी तथा किशोरीप्रसाद यादवका भतिजा ।


पत्रकार सम्मेलन गरेका छन् । बारा र रौतहटका तीन परिवारले नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा पत्रकार सम्मेलन गर्दै मिटरब्याजी आरोपीहरूलाई कारबाईको मागसमेत गरेका छन् ।

बारा, कलैया उपमहानगरपालिका-२ का युगलकिशोर यादव, महागढीमाई नगरपालिका-७ का किशोरीप्रसाद यादव र रौतहटको मौलापुर नपा-८ सोनरनियाका दयाशङ्करप्रसाद यादवका परिवारले पत्रकार सम्मेलन गर्दै विभिन्न व्यक्तिमाथि मिटरब्याजीको आरोप लगाउँदै कारबाईको माग गरेका हुन् । आरोपीहरूमा बाराको आदर्शकोतवाल गापा-३ बस्ने अनिलकुमार प्रियदर्शी र उनकी पत्नी रम्भा यादव, रूबी कुमारी, सिम्रौनगढ नपा-८ का रामदिनेशप्रसाद यादव, कलैया उपमनपा-८ खपरताता बस्ने सुनीलकुमार ठाकुरलगायतलाई मिटरब्याजको कसूरमा पीडितहरूले आवश्यक कारबाईको लागि माग गरेका हुन् ।

रौतहट, मौलापुर नपा-८ सोनरनियाका दयाशङ्करप्रसाद यादव तीन महीनादेखि गौर कारागारमा छन् । चेक बाउन्स मुद्दामा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजको आदेश अनुसार उनीमाथि जरिवाना र थुनामा राख्ने आदेश भएको हो । दयाशङ्करले २०७६ भदौमा १४ लाख कर्जा लिएको र अहिलेसम्म ४४ लाख रुपैयाँ दिइसके तापनि रु ३९ लाख लेनदेनको मुद्दा अदालतमा चलिरहेको छ ।

अनिल प्रियदर्शी, रामदिनेश यादव र रूबी कुमारीले पटक-पटक गरी ४९ लाख बराबरका आठवटा चेक लिइसकेको र ऋणी छोरो दयाशङ्करले दिएको रकमको भरपाईसमेत नगरेका कारण आफ्नो छोरो कानूनको नजरमा दोषी देखिएको र छोरो जेलमा गएको आमा सुनैना देवीले पत्रकार सम्मेलनमा बताइन् । १४ लाखको कर्जामा सयकडा ८ रुपैयाँको

(बाँकी पाँचौं पनामा)




## पर्सागढी नपामा भूमि आयोगको नापनक्शा शुरू

बलिराम शुक्ला, बिरुवागुठी, १५ भदौ/

राष्ट्रिय भूमि आयोग पर्साले बिहीवारबाट पर्सागढी नगरपालिकामा जग्गाको नापनक्शा शुरू गरेको छ ।

पर्सागढी नगरपालिका वडा नं २ छतवन टाँडी कटानी गाउँमा रहेको दलित सुकुमबासी तथा अव्यवस्थित जग्गाहरूको नापनक्शा कार्यको उद्घाटन पर्सागढी नगरपालिका प्रमुख गोकर्ण पाठक र आयोग पर्साका अध्यक्ष तबरेज अहमदले संयुक्तरूपमा डिजिटल प्रविधि मेशिनको स्विच थिचेर शुरू गरेका हुन् ।


तस्वीर: प्रतीक

नापनक्शाको कार्यबारे जानकारी लिंदै जनप्रतिनिधिहरू । तस्वीर: प्रतीक

नापनक्शाको शुरू गर्दै भूमि आयोगका अध्यक्ष अहमदले दलित सुकुमबासीहरूको ४० वर्षभन्दा बढी पुराना अव्यवस्थित जग्गाहरूको समस्या अब समाधान हुने बताए । यसैगरी, नगरप्रमुख पाठकले आफू निर्वाचित भए लगत्तै भूमि आयोगसँग सहकार्य गरी नापनक्शाको कार्य अगाडि बढाएको र नापनक्शा कार्यमा नगरपालिकाले हरसम्भव सहजीकरण गरिरहेको बताए ।

नापनक्शा कार्यक्रममा नापी कार्यालय, पर्साका प्रमुख नारायण श्रेष्ठ, भूमि आयोग पर्साका सदस्यहरू, पर्सागढी नगरपालिका वडाध्यक्षहरू शेख खुर्सेद, राजकपूर खवास, वीरेन्द्रप्रसाद महतोलगायत स्थानीयवासीहरूको सहभागिता थियो । नापनक्शा शुरू भएपछि स्थानीयहरू खुशी भएका छन् ।

## नेपाल निर्माण व्यवसायी सङ्घको सूचना

यस सङ्घको मिति २०७९/५/८ गतेको बोर्ड बैठकको निर्णय अनुसार ११औं अधिवेशन यही मिति २०७९/६/२९ गते शनिवारका दिन हुने निश्चित भएकोमा विधान-४ को दफा (ग) बमोजिम तपाईं सदस्य निर्माण व्यवसायीहरूलाई पत्रबाट सूचना पठाउने कार्य भइरहेको छ । कथम् कदाचित उक्त पत्र प्राप्त नभएको खण्डमा यसै सूचनालाई आधार मानी निर्वाचन कार्यक्रममा सहभागी हुन यो सूचना प्रकाशित गरिएको छ । साथै सदस्यता नवीकरण नभएको फर्महरू कार्यक्रममा सहभागी हुन नपाउने बेहोरा जानकारीको लागि अनुरोध छ ।

**नेपाल निर्माण व्यवसायी सङ्घ, पर्सा, वीरगंज**

## विचारसार एवं सूक्तिहरू

**उद्देश्य प्राप्ति असल अनुकरणले होइन, असल उत्प्रेरणाले प्राप्त हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# सरसफाइ पुरानै लयमा

**पर्सा जिल्ला खुला दिसामुक्त घोषणा भएको तीन वर्ष बित्न लागेको छ । खुला दिसामुक्त क्षेत्र घोषणाका लागि उतिखेर जति प्रयास भएका थिए, अहिले त्यत्तिकै लापरवाही गरिएको कारण पुनः पुरानो स्वरूपमा फर्किएको छ । पर्साको ग्रामीण क्षेत्रका मानिसहरू अहिले फेरि पुरानै पारामा शौचालयको प्रयोग नगरी खेत, बाँसघारी, नहर, सडकमा खुला शौच गर्न थालेका छन् । खुला दिसामुक्त अभियानताका बनेका शौचालयहरू अहिले प्रयोगविहीन भएका छन । खुला दिसामुक्त अभियानलाई सार्थकता प्रदान गर्ने क्रममा हतारहतार काम भएको अहिलेको अवस्थाले पनि पुष्टि गर्छ । नेपाल रेडक्रस, युएन हेबिटाट, खानेपानी सरसफाइ, विकास नेपाल, एनजिओसिसी, दिव्य युवा क्लब, ब्रिलियन्ट युवा क्लबलगायतका संस्थाहरू खुला दिसामुक्त अभियानमा सक्रिय थिए । २०७६ असोजमा नेपाल खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने क्रममा पर्सा जिल्ला पनि खुला दिसामुक्त क्षेत्र घोषणा भएको हो । यसो त पर्सा जिल्लालाई सन् २०१७ मा नै खुला दिसामुक्त जिल्ला घोषणा गर्नेगरी तयारी थालिएको थियो ।**

**तत्कालीन जिल्ला विकास समितिको अगुवाइमा पर्सा जिल्लाका ८२ वटा गाविसमा यो अभियान चालिएको थियो । तर देश सङ्घीय लोकतान्त्रिक व्यवस्थामा परिणत भएको दुई वर्षपछि मात्र पर्सालाई खुला दिसामुक्त जिल्ला घोषणा गरियो, त्यो पनि हतारमा । गरीब, दलित, विपन्न परिवारका लागि स्थानीय सरकार, दातृ संस्थाहरूको सहयोगमा निश्शुल्क रिङ, प्यानसहित शौचालय घर निर्माण गरिएको थियो । बस्नका लागि घर नभएकाहरूलाई पनि शौचालयको व्यवस्था गरिएको थियो । यो अभियानमा सक्रिय संस्थाहरूले दातृ संस्थाबाट अनुदान सहयोग पाउन्जेल यो अभियानलाई चलाए । पछि यो अभियानमा दातृ संस्थाहरूले सहयोग बन्द गरेपछि स्थानीय संस्थाहरू पनि सेलाए । अहिले खुला दिसामुक्त अभियानको जिम्मेवारी स्थानीय सरकार र प्रदेश सरकारलाई छ । प्रदेश सरकारले मुख्यमन्त्री स्वच्छता अभियान चलाएको छ तर प्रदेशका आठ जिल्लाको सरसफाइ अभियान अहिले कहालीलाग्दो भइसक्दा पनि मूकदर्शक मात्र भएको छ । पर्सा जिल्लाको मात्र कुरा गर्दा अहिले वीरगंज महानगर, बहुदरमाई, पर्सागढी र पोखरिया नगरपालिका तथा दशवटा गाउँपालिकाको सरसफाइको शैली पुरानै अवस्थामा छ । महानगरमा सरसफाइ अन्य पालिकाको तुलनामा केही ठीक भएपनि अन्य पालिकाहरू र खासगरी ग्रामीण क्षेत्रमा सरसफाइको अवस्था एकदमै नाजुक छ । जनप्रतिनिधिहरू आर्थिक लाभ हुने कार्यमा बढी केन्द्रित छन् । सरसफाइ जस्तो कार्यमा उनीहरूको ध्यानै छैन ।**

**कतिपय जनप्रतिनिधिहरू अहिले पनि खुला शौच गर्न रमाउँछन् । शौचालय घरमा निर्माण गरिएकोले घर फोहर हुने र बाहिर शौच गर्दा सफाइ हुने पुरानो मनोवृत्ति उनीहरूमा अहिले पनि हाबी छ, जसले गर्दा शौचालयको प्रयोगमा ध्यान दिइएको छैन । गाउँघरमा निर्मित शौचालयहरूको अहिले दुर्दशा छ । कतिपयले टिनको छाना घरमा प्रयोग गरेका छन् भने कतिपयले शौचालयलाई बाख्रा राख्ने गोठ बनाएका छन् त कतिपयले भण्डारकक्ष बनाएका छन् । गाउँघरमा बढेको यो विकृतिलाई न्यूनीकरण गर्न स्थानीय पालिकाबाट सम्भव छ तर स्थानीय पालिका स्वच्छता अर्थात् सरसफाइतर्फ जिम्मेवार भएको पाइएको छैन । जबसम्म स्थानीय तहका जनप्रतिनिधिहरू सरसफाइप्रति जिम्मेवार हुँदैनन्, तबसम्म परिवर्तनको आशा राख्न सकिन्न ।**

# चाडपर्वप्रति सामाजिक दृष्टिकोण

## स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**समाजमा अपराधले नयाँ रूप धारण गरेको पनि सही हो । यति हुँदाहुँदै पनि धर्म वा धार्मिक गतिविधिले समाजलाई हानि हुने कामलाई केही हदसम्म रोकेको भने यथार्थ हो । धर्म गरिरहेको मानिस अन्याय गर्न वा समाज तथा धर्मले भनेको नराम्रो काम (पाप) गर्न खोज्दैन ।**

चाडपर्वको शुरूआत कसरी भयो भन्ने विषयमा आफ्नै किसिमका मान्यताहरू छन् । सामान्यरूपमा हाम्रो समाजमा प्रचलनमा रहेका चाडपर्व धार्मिक मान्यतामा आधारित रहेको छ । चाडपर्वको उद्भवमा धार्मिक मान्यताले काम गरेको देखिन्छ । धर्मको आडमा चाडपर्व मनाइएका हुन् । सोझोरूपमा यो भनाइ रहेको भए पनि र चाडपर्वमा विभिन्न देवदेवीको पूजा गरिने भए पनि कतिपयले चाडपर्वका वैज्ञानिक मान्यता वा महत्त्वबारे पनि प्रकाश पार्दछन् । चाडपर्वको धार्मिक, आध्यात्मिक तथा वैज्ञानिक महत्त्व र मान्यता त छँदैछ, सामाजिक महत्त्व पनि कम छैन ।

हाम्रा चाडहरूको सामाजिक महत्त्व पनि छ । अहिले नेपाली समाजमा मनाइने गरेका चाडपर्वहरूकै उदाहरण लिन सकिन्छ । तीजमा महिलाहरूले रमाएको कसले नदेखेको होला ? पहिले जुन धार्मिक मान्यताले मनाइने गरिन्थ्यो, आज पनि सोही मान्यताले मनाइन्छ तर यसको सामाजिक स्वरूपमा निकै भिन्नता आएको छ । पुरानो समयमा यस पर्वले महिला अधिकारको परम्परागत सामाजिक वकालतलाई स्थापित गरेको थियो । सम्भवतः पहिले पनि यो पर्व समूहमा मनाइन्थ्यो । अहिले त झन् समूहमैं मनाइन्छ । व्रत बसेका महिलाहरू एक साथ नाचगान र रमाइलो गर्छन् । अघिल्लो दिनसम्म धेरै दिनदेखि दर खाने भन्दै एक ठाउँमा भेला हुने, दुःखसुखका कुरा गर्ने, नाचगान र रमाइलो गर्ने चलन चलिसकेको छ । कम्तीमा दश दिन पहिलेदेखि नै दर खाने कार्यक्रम औपचारिकरूपमा गरिन थालेको छ । आजभोलि त विभिन्न औपचारिक तथा अनौपचारिक सङ्घ-संस्था पनि संलग्न हुन थालेका छन् । यसले सामाजिकतालाई झन् बलियो बनाउँदै लगेको छ र अप्रत्यक्ष रूपमा जन-विस्तारमा भूमिका खेलेको छ ।

खेतीपातीको समय असार र साउनमा खासै धेरै पर्व हुँदैन । सबैले बुझेका छन्, असारमा यदि धेरै पर्व हुने हो भने खेतीपातीमा असर गर्छ । यसै गरी साउनको पहिलो आधासम्म पनि चाडपर्व पर्दा खेतीपातीमा नोक्सानी पर्ने डर हुन्छ । मधेसी लोकजीवनमा एउटा भनाइ प्रचलनमा छ : आई लक्पाँचे सब पबनी नाचे । यसको तात्पर्य यो हो कि साउन शुक्ल पञ्चमीको तिथि आएपछि चाडपर्वहरू नजीकिन थाल्दछन् । हो, यसै कारण कतिपयले साउन शुक्ल पक्षको पञ्चमी तिथि अर्थात् नागपञ्चमीलाई वर्षको पहिलो पर्वको रूपमा मानेको पाइन्छ । त्यसपछि हरेक हप्ता कुनै न कुनै पर्व परिरहन्छ । समाजमा चाडपर्वको ओइरो लाग्ने भनेको भदौ शुक्ल पक्षदेखि हो । अहिलेदेखि कात्तिक महीनामा छठ नसकिएसम्म हरेक हप्ता वा कुनै हप्तामा तीन-चारवटा पर्वसम्म पनि पर्छ । यस्ता चाडपर्वले सामाजिक जीवनलाई रसिलो र गतिशील बनाएको पाइन्छ । चाडपर्वमा समाज सक्रिय हुन्छ, सामाजिक गतिविधि सक्रिय हुन्छ र अर्थतन्त्र पनि चलायमान हुन्छ ।

हाम्रा चाडपर्वहरू अनेक प्रकृति र प्रवृत्तिका भए पनि सबैले सामाजिक एकताकै सन्देश दिएका छन् । अझ चाडपर्वको विस्तार हुँदै जाँदा र सर्वसाधारणको खर्च गर्ने क्षमता पनि विस्तार हुँदै जाँदा चाडपर्वहरूले सामाजिक एकताको भावना विस्तार गरेको पनि देखिएको छ । पहिले जुन पर्व कुनै कारणले कम मानिसले मान्दथे, अहिले त्यही पर्व धेरै मानिसले मान्न थालेका छन् भने चाडपर्व मान्नेहरूबीच सहकार्य देखिएको छ । घरभित्र नै किन नहोस्, यदि चाडपर्व मनाइन्छ भने त्यसलाई मान्ने वा मनाउन चाहनेलाई मान्ने र नमान्ने सबैले सम्भव भएसम्म सुविधा दिन खोज्दछन् । आजभोलि चाडपर्व मनाउन वा मान्न मानिसहरू अर्काको भर पर्न चाहँदैनन् । आफैं सक्षम छु र अरूभन्दा बढी सक्षम छु भन्ने किसिमले प्रतिस्पर्धा नै रहेको देखिन्छ । अझ आइमाईले मात्र मान्नुपर्ने पर्वमा महँगा कपडा तथा गहना प्रदर्शन गर्ने एक किसिम होड नै हुन्छ र एक अर्कोलाई देखाउन पनि समाजमा भेला हुन्छन् । यद्यपि सबै पर्वमा यस्ता सामाजिक प्रकृति भएकोमा दुई मत हुनु नपर्ने हो ।

पहिले क्षमता थिएन वा चलन थिएन तर अहिलेजस्तो पर्वलाई फेशन-शोको रूपमा उपयोग गर्ने प्रवृत्ति भने थिएन । पहिले त चाडपर्व मनाउन आर्थिक क्षमता पहिले आउँथ्यो । अहिले घरभन्दा बाहिर मनाइने चाडपर्वमा आर्थिक क्षमता गौण देखिन्छ । यसको कारण यो पनि हो कि पहिरनमा मानिसको ध्यान गइसकेको छ । देखावटी कुरालाई महत्त्व दिने चलन विस्तार भइरहेको छ । तर यसले एक किसिमले समाजवादलाई पनि बढावा दिएको छ । अहिले सामान्यतया कुनै सामूहिक चाडपर्वमा पुग्ने हो भने पहिरनले गर्दा शायदै कोही विपन्न देखिन्छ । यसको अर्थ यो पनि हो कि झन्डै सबै समान देखिन थालेका छन् । समानरूपमा रमाउँछन्, मनाउँछन् भने सबै समान भए र समाजवाद हुने भइहाल्यो । अन्यथा अर्थ नलागेमा चाडपर्वको चमकधमकमा समाजवाद आइसकेको छ । अहिले खुलेका केही दलहरूले जसरी समाजवाद नाममा जोड दिएका छन् र कतिपय पुराना दलहरूले पनि समाजवादलाई लक्ष्य बनाएका छन्, यसले समाजवादको व्यावहारिकता पर धकेलिँदै गए पनि सोही पहिरनामा समाजवाद आइसकेको छ । अन्य समयमा नभए पनि चाडपर्वको प्रदर्शनमूलक पहिरनले सबैलाई पुगिसरी आएको मनोविज्ञानको प्रकटीकरण भएको छ ।

अहिलेको समाज-मनोविज्ञान यस किसिमको विकास भइसकेको छ कि चाडपर्व एउटा माध्यम हो, जसले मीठो खानेकुरा खान दिन्छ र राम्रो लुगा लगाउन दिन्छ । चाडपर्वले कामबाट आराम दिने, एकै प्रकृतिको कामबाट केही फरक काम गर्नुपर्ने बनाउने र केही हदसम्म आराम दिने पनि हुन्छ । अर्को महत्त्वपूर्ण पक्ष के हो भने चाडपर्वले मनोरञ्जन पनि दिन्छ । एउटा सामान्य व्यस्त दैनिकीभन्दा चाडपर्वको दिनको दैनिकीले मानिसलाई पुनर्ताजगीको अनुभूति गराउने हुनाले पनि चाडपर्वमा हाम्रो समाज बढी रमाउन खोजेको हो । एकसाथ चाडपर्वले मानिसलाई धेरै कुरा दिने गरेको छ ।

कतिपयले आरोप लगाउँछन्- पहिलेभन्दा समाज बिग्रिरहेको छ, समाजमा अन्याय-अत्याचार बढेको छ, अनाचार र दुराचार पनि बढेको छ, मानिस बढी लोभी भएका छन्, धनका लागि जे पनि गर्न तयार छन्, तर धर्मकर्ममा फेरि मानिसको रुचि बढेको छ । यी सबै आरोपलाई गलत त भन्न सकिन्न । समाजमा अपराधले नयाँ रूप धारण गरेको पनि सही हो । यति हुँदाहुँदै पनि धर्म वा धार्मिक गतिविधिले समाजलाई हानि हुने कामलाई केही हदसम्म रोकेको भने यथार्थ हो । धर्म गरिरहेको मानिस अन्याय गर्न वा समाज तथा धर्मले भनेको नराम्रो काम (पाप) गर्न खोज्दैन । चाडपर्वहरूको मान्यतामा सम्भव भएसम्म चल्ने हो र चलिरहेका पनि छन् मानिस । अझ नवीन मान्यताहरू मानिसले नै निर्माण गरिरहेका छन् । धर्मकर्ममा रमाउन खोजिरहेका छन् वा धार्मिक प्रदर्शनमा भाग लिइरहेका छन् । जुनसुकै धार्मिक गतिविधि होस्, सबैमा मानिसको सहभागिता र सक्रियता, खासगरी युवाहरूमा धार्मिक भावना र धार्मिक प्रवृत्ति निकै बढेको छ ।

चाडपर्वहरू आस्था र अध्यात्मका प्रतीक हुन् तर वर्तमान समाजले चाडपर्वलाई यत्तिमैं सीमित राखेको पाइँदैन । यसभन्दा फरकरूपमा सामाजिक एकता, आफू सुखी र खुशी हुँदै गएको देखाउने माध्यम, मनलाई शान्ति दिने साधन तथा गाउँटोलका मानिस एक ठाउँमा भेला भई भेटघाट गर्ने, कुनै सामाजिक समस्यामा छलफल गर्ने र केही निष्कर्ष निकाल्ने माध्यम पनि बनेका छन् चाडपर्व । मनलाई शान्ति दिने र मनभित्र सन्तोष उमार्ने काममा पनि चाडपर्वले ठूलो भूमिका खेलेको छ ।

# नदीजन्य पदार्थ उत्खनन अझै अन्योलमा

प्रस, निजगढ, १५ भदौ/

निजगढ नगरपालिकाका बकैया र धन्सार खोलाबाट तत्काल अर्को आदेश जारी नभएसम्म नदीजन्य पदार्थ तथा खानीजन्य पदार्थ उत्खनन नगर्न उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजले अन्तरिम आदेश जारी गरेको मुद्दामा यही भदौ १४ गतेको पेशी सरेपछि निजगढ नगरपालिकाद्वारा लगाउँदै आएको ठेक्का प्रभावित हुने सम्भावना बढेको छ ।

सुरजकुमार गुप्ताले दिएको निवेदनमा अधिवक्ता वीरेन्द्रप्रसाद यादवले बहस गरेपछि अदालतले उक्त अन्तरिम आदेश जारी गरेको हो । निवेदक गुप्ताले हालेको मुद्दाको २०७९ वैशाख ५ गतेको आदेशबाट विपक्षीहरूबाट लिखित जवाफ मगाउने गरी निजगढ नगरपालिकालाई विपक्षी बनाइ दिएको निवेदनको आधारमा बाटोको म्यादबाहेक १५ दिनभित्र विपक्षीलाई हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत तथा विपक्षीको हकमा उच्च सरकारी वकीलको कार्यालय, पर्सामार्फत लिखित जवाफ पेश गर्नु भनी सो आदेश जारी गरेको हो ।

बकैया र धन्सार खोलाबाट नदीजन्य पदार्थ तथा खानीजन्य पदार्थ उत्खनन गर्दा बाढी, पहिरो आई तराई क्षेत्र डुबानमा परी धनजनको क्षति हुने प्रबल सम्भावना रहेको जनाइएको छ । स्थानीय तह आफैंले नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, बिक्री वितरण गर्ने कानून बनाउन, आइइई रिपोर्ट तयार गर्न संविधान र सङ्घीय कानूनले छुट दिएपछि उत्खननलाई बढवा दिंदै आइएको छ । स्थानीय तहले बनाएका यससम्बन्धी कानून माथिल्लो तहले स्वीकृत दिने वा नदिने कानूनी बाधा अड्चनतर्फ बेलैमा ध्यान नै नदिई कतिपय स्थानीय तहले उत्खननको ठेक्का आह्वान गर्दै खोलानालाहरूमा ठेक्का लगाइरहेको अवस्था छ ।

अन्य प्रदेशको तुलनामा मधेस प्रदेशमा नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन अचाक्ली उत्खनन हुँदै आइरहेको छ । अझै ठेकेदार पक्षले भन्दा पनि खोलाबगरमा आश्रित सयौं स्थानीय सुकुमबासीहरूले कुटो, कोदालो, सावेल, पिगलगायतका हाते औजारको प्रयोग गर्दै जथाभावी अचाक्ली नदीजन्य पदार्थको उत्खनन, दोहन गरिरहेको पाइन्छ । अदालतले जारी गरेको आदेश निजगढ नगरपालिकाको कार्यालयमा आएपछि कानूनी परामर्श गरी निजगढ नपाअघि बढे पनि तोकिएको मितिमा सुनुवाइ हुन नसकेपछि पेशी लम्बिएको निजगढ नपा स्रोतले जानकारी दिएको छ । उक्त पेशी १९ गते आइतवारका लागि तोकिएको छ ।

एकमात्र निजगढ नपाको प्रमुख आम्दानीको स्रोत नदीजन्य पदार्थको ठेक्का





अघिल्लो वर्ष निजगढ नपालाई नदीजन्य पदार्थ ठेक्का बन्दोबस्त र उत्खनन गर्दा कार्यान्वयन गर्न राष्ट्रपति चुरेबाट दिएको सुझाव र वन कार्यालयले जारी गरेको सूचना । तस्वीरः प्रतीक

बन्दोबस्ती भएकोले अदालतले बेलैमा यस विषयको छिनोफानो गर्नुपर्ने अन्यथा विकास कार्यमा अवरोध हुने निर्माण व्यवसायीहरूको भनाइ छ । नियोजित र बदमाशीपूर्ण ढङ्गले नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गरेमा वा स्वीकृत आइइई रिपोर्टमा उल्लेख गरिएभन्दा बढी परिमाण उत्खनन गरे ठेकेदार कम्पनीलाई प्रचलित कानून बमोजिमको दण्ड, जरिवाना, सजाय दिने कानून विद्यमान छ ।

अघिल्लो वर्ष १६ करोड र गत वर्ष १३ करोडमा निजगढ नपाले नदीजन्य पदार्थको ठेक्का लगाएको थियो । स्थानीय तह निजगढ नपाले चुरे क्षेत्र, चुरे संरक्षित क्षेत्र, वन क्षेत्रको क्षेत्राधिकार मिचेर त्रुटिपूर्ण आइइई रिपोर्ट तयार गरेपछि समस्या जटिल बन्दै आएको थियो । उता राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिबाट खटिएका भूगर्भविद् प्रेमनाथ पौडेलसहितको टोलीले आइइई रिपोर्ट र स्थलगत अनुगमन गरेपछि चुरे क्षेत्र र चुरे संरक्षित क्षेत्रभित्र पसेर निजगढ नपाले आइइई रिपोर्ट तयार पारी उत्खननका लागि ठेक्का आह्वान गरेको भन्दै २२ वटा बुँदा तुरुन्तै कार्यन्वयन गर्न निजगढ नपालाई पत्राचार गरेको थियो । त्यससँगै निजगढ नपाले लगाएको ठेक्काको परिमाणसमेत घटाउनुपरेको थियो ।

यता अघिल्लो वर्ष डिभिजन वन कार्यालय, बाराको कुनै अनुमति, सहमति नलिई वन क्षेत्रभित्र पसी अन्धाधुन्ध

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# विधायन समितिबाट नागरिकता विधेयक बहुमतले पारित

काठमाडौं, १५ भदौ/रासस

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले सरकारद्वारा प्रस्तुत 'नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्न बनेको विधेयक' बहुमतबाट पारित गरेको छ । सिंहदरबारमा बिहीवार बसेको समितिको बैठकले सरकारद्वारा प्रस्तुत सो विधेयक विनासंशोधन बहुमतबाट पारित गरेको हो ।


बैठकमा विधेयकमाथि छलफल गर्दै गृहमन्त्री **बालकृष्ण खाँणलगायत** सहभागीहरू । तस्वीरः रासस

सङ्घीय संसद्को दुवै सदनबाट पारित सो विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएकामा राष्ट्रपतिबाट साउन २९ गते आठ बुँदे सन्देशसहित प्रतिनिधिसभामा फिर्ता भएको थियो । उक्त विधेयक गत साउन ६ गते सङ्घीय संसद्का दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएको थियो ।

समितिको बैठकमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का सांसद देवेन्द्र दाहाल, भगवती न्यौपाने र भैरवसुन्दर श्रेष्ठले विधेयकका केही बुँदामा लिखितरूपमा फरक मत राखेका थिए । यस्तै, सांसद डा खिमलाल देवकोटा र डा विमला राईले पनि विधेयकका सम्बन्धमा आआफ्नो लिखित अवधारणा प्रस्तुत गरेका थिए ।

बैठकमा गृहमन्त्री बालकृष्ण खाँणले प्रस्तुत विधेयक परिमार्जन, संशोधन तथा राष्ट्रपतिबाट उठाइएका विषय सम्बोधन गर्ने कुरा अहिले समयाभावले सान्दर्भिक नरहेको बताए । उनले विधेयक अगाडि बढाउन ढिलाइ हुँदा नागरिकता नपाएर प्रताडित बनेका नागरिक थप समस्यामा पर्ने बताए । संसदीय अभ्यास र संवैधानिक व्यवस्थाअनुरूप नै सन्देशसहित सदनमा विधेयक फिर्ता भएको उल्लेख गर्दै उनले सन्देशलाई गम्भीरतापूर्वक लिएर आगामी दिनमा व्यवस्थापनको पाटोमा ध्यान पुर्‍याइने बताए ।

"विधेयकले नागरिकतासम्बन्धी सम्पूर्ण मुद्दालाई सम्बोधन गर्छ । नेपाली नागरिकलाई एकताको सूत्रमा बाँध्छ," उनले भने, "नागरिकता लिने क्रममा गर्नुपर्ने स्वघोषणाले आमाको स्वाभिमान, सम्मान र प्रतिष्ठामा कुनै आँच आउने छैन ।" जन्मसिद्धका आधारमा नागरिकता प्राप्त गर्नेको सङ्ख्या हालसम्म एक लाख ९० हजार ७२६ रहेको र उनीहरूका सन्तति गैरनागरिकका रूपमा रहेकाले त्यस्ता व्यक्तिलाई नागरिकता प्रदान गर्ने विधेयकको उद्देश्य छ ।

विधेयकको पक्षमा समिति सदस्यहरू जीतेन्द्रनारायण देव, प्रकाश पन्थ, प्रमिला कुमारी, डा वेदुराम भुसाल, गङ्गा बेल्बासे, उदयबहादुर बोहरा, राधेश्याम पासवान र सुरेश आलेमगरले समर्थन गरेका थिए । विसं २०७२ को संविधान जारी हुनुअघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बुबा र आमा दुवै नेपाली नागरिक भएको अवस्थामा नागरिकता प्राप्त गर्ने सन्दर्भमा सरकारद्वारा प्रस्तुत उक्त विधेयकमा स्वघोषणा, वैवाहिक अङ्गीकृतलगायतका बारेमा दलहरूबीच केही फरक धारणा रहेको छ ।

# एक वर्षमा काउन्सिलबाट ३४ युट्युब च्यानलमाथि कारबाही

काठमाडौं, १५ भदौ/रासस

प्रेस काउन्सिल नेपालले एक वर्षको अवधिमा आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्ने ३४ युट्युब च्यानललाई कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो)लाई सिफारिश गरेको छ ।




काउन्सिलले २०७८ साउन १ गतेदेखि आजको मितिसम्म गरेर ती युट्युब च्यानललाई अनुसन्धान गरी आवश्यक कारबाही गर्न नेपाल प्रहरीको साइबर ब्युरोलाई सिफारिश गरेको हो । काउन्सिलले पत्रकारिताका मूल्य र मान्यताविपरीत, गलत, समाजमा उत्तेजना/अफवाह फैलाउने, सामाजिक सद्भाव बिगार्ने, अन्तर्राष्ट्रिय समझदारी र मित्रराष्ट्रबीच भाइचाराको सम्बन्धमा खलल पुर्‍याउने खालका च्यानललाई कारबाही गरेको छ । यस्तै, अदालतमा विचाराधीन अवस्थामा रहेका विषय न्यायिक निरूपणमा प्रभाव पार्ने, वैयक्तिक गोपनीयता प्रतिकूल, पीडितलाई थप पीडा पुग्ने खालका सामग्री सम्प्रेषण भएका युट्युब च्यानललाई कारबाही गर्दै आएको छ ।

काउन्सिलका उपप्रशासकीय अधिकृत रामशरण बोहराले विज्ञप्ति जारी गर्दै सामाजिक सद्भाव बिथोल्ने, जातीय एवं धार्मिक सहिष्णुता खल्बलाउने किसिमका सामग्री सम्प्रेषण गर्ने 'वीरगोर्खाली' नामक युट्युब च्यानललाई अनुसन्धान गरी आवश्यक कारबाही गर्न सिफारिश गरेपछि उक्त सङ्ख्या ३४ पुगेको जनाएको छ ।

उक्त 'वीरगोर्खाली' च्यानलले केही दिनअघि प्रधानमन्त्री शेरबहादुर देउवा, प्रमुख विपक्षी दलका नेता केपी शर्मा ओलीसहितका नेतालाई आधारहीन आरोप र गालीगलौजसहितको सामग्री सम्प्रेषण गरेको थियो । राजनीतिक दलका नेताहरूलाई गालीगलौज गरी घृणास्पद अभिव्यक्ति/सामग्री राख्ने उक्त युट्युब च्यानल कारबाहीमा परेको हो । नियमित समाचारजन्य सामग्री सम्प्रेषण गरे पनि उक्त युट्युब चयानल समाचार माध्यमका रूपमा कतै दर्ता नभएको काउन्सिलले जनाएको छ ।

स्वअनुगमनका क्रममा युट्युबमा प्रसारित सामग्रीमा प्रस्तुतकर्ताले आफ्नो व्यक्तिगत धारणा राख्दै प्रायोजित ढङ्गबाट प्रश्न गरेको, राजनीतिक दलका नेताहरूको व्यक्तिगत मानमर्दन हुनेगरी नाम उल्लेख गरी उत्तेजित बनाउने खालका प्रश्नहरू राखेको देखिएको हुँदा कारबाहीका लागि साइबर ब्युरोलाई नै सिफारिश गर्नुपरेको काउन्सिलका सूचना अधिकारीसमेत रहेका बोहराले बताए ।

# २७१ जना सङ्क्रमित, एकजनाको निधन




काठमाडौं, १५ भदौ/रासस

कोरोना भाइरसको सङ्क्रमण बुधवार २७१ जनामा देखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा सञ्जयकुमार ठाकुरले तीन हजार ९२० परीक्षणमध्ये २७१ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको जानकारी दिए ।

उनका अनुसार आज सङ्क्रमण दर नौ प्रतिशत रहेको छ ।

एक हप्तामा छजनाको निधन भएको छ । चाडपर्वमा हुन सक्ने भीडभाडमा सङ्क्रमण बढ्न सक्ने उनले बताए ।

**उपत्यकामा १४७ जना सङ्क्रमित**

काठमाडौं उपत्यकामा १४७ जनामा सङ्क्रमण देखिएको छ । उनका अनुसार ललितपुरमा २९, भक्तपुरमा आठ र काठमाडौंमा ११० जना सङ्क्रमित भएका छन् । आज १७५ जना कोरोना भाइरसबाट स्वास्थ्यलाभ लिई घर फर्किएका छन् । निको हुने प्रतिशत ९८.५ प्रतिशत रहेको छ ।

सक्रिय सङ्क्रमितको सङ्ख्या तीन हजार १९४ जना पुगेको छ । यस्तै, आज कोरोना भाइरसको सङ्क्रमणबाट एकजनाको निधन भएको उनले जानकारी गराए । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन् ।

सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, कालीकोट, हुम्ला, जुम्ला, बझाङ, डोल्पा र मुगु रहेका छन् । हाल होम आइसोलेशनमा तीन हजार ४६, संस्थागत आइसोलेशनमा १४८, सघन उपचार कक्ष (आइसियू)मा ४२ र भेन्टिलेटरमा आठजनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा कसैले पनि कोरोना भाइरसविरुद्धको खोप लगाएका छैनन् ।

# सिसी क्यामेरा हेर्दै, कारबाही गर्दै ट्राफिक

काठमाडौं, १५ भदौ/रासस

तपाईंले ट्राफिक प्रहरीको आँखा छलेर लेन मिच्दै जथाभावीरूपमा सवारी चलाइरहनुभएको त छैन । यदि त्यस्तो छ भने अब तपाई प्रहरीको कारबाहीबाट भाग्न सक्नुहुन्न । कुनै न कुनै दिन तपाई कारबाहीको भागीदार हुन सक्नुहुन्छ ।

किनकि प्रहरीले सिसी क्यामराको श्रव्यदृश्य हेरेर नियम उल्लङ्घन गर्नेलाई खोजेर कारबाही शुरू गरेको छ । विगतमा उक्त अभियान चलाइएपछि केही वर्ष रोकिएकामा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले उक्त कार्यलाई पुनः सुरुआत गरेको हो ।

काठमाडौं उपत्यकामा ट्राफिक नियम उल्लङ्घन गरी फरार रहेका सवारीसाधनका चालकलाई सिसी क्यामेराका आधारमा कारबाही तीव्र पारिएसँगै पछिल्लो समयमा मात्रै सिसी क्यामेराको फुटेजका आधारमा पहिचान गरी ६३ वटा सवारीसाधनका चालक कारबाहीमा परेका छन् ।

उक्त फुटेजमा कैद भएको श्रव्यदृश्यमा देखिए अनुसार लेन उल्लङ्घन गर्ने ३१ एकतर्फी सडकमा सोविपरीत सवारीसाधन चलाएका २३ र सवारी मोड्न निषेध गरेको स्थानमा सवारीसाधन मोडेका आठजना चालकलाई कारबाही गरिएको हो ।

यस्तै यात्रु लिन नमानेको कसूरमा अर्का एक चालकलाई पनि कारबाही गरिएको छ । भदौ १ देखि १४ गतेसम्म

(बाँकी पाँचौं पातामा)



टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको ट्रफी अवलोकन गरिंदै प्रम देउवा ।


टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको ट्रफी भक्तपुरमा ।


**टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको ट्रफी भक्तपुरमा** : भक्तपुरको दरबार स्क्वायरमा बुधवार सर्वसाधारणका लागि अवलोकनमा राखिएको यसै वर्ष अष्ट्रेलियामा आयोजना हुने टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको ट्रफी । तस्वीरः रासस

# टिकटक एप बन्द गर्नुपर्ने माग

राजविराज, १५ भदौ/रासस

सप्तरीका युवाहरू टिकटक एप बन्द गर्ने अभियानमा जुटेका छन् । समाजमा अश्लीलता बढिरहेको भन्दै युवाहरूले सप्तरीको राजविराजमा बुधवार टिकटक एप बन्द गर्नका लागि प्रदर्शन गरे ।

विभिन्न ठाउँबाट टिकटक एप बन्दको आवाज आउन लागेका बेला टिकटक बन्द सङ्घर्ष समिति, सप्तरीद्वारा जिल्ला प्रशासन कार्यालय, सप्तरी र जिल्ला प्रहरी कार्यालय, सप्तरीमा आज ज्ञापनपत्र बुझाएको सङ्घर्ष समिति अभियानका जिल्ला संयोजक सच्चिदानन्द यादवले जानकारी दिए ।

प्रदर्शनमा उत्रेका युवाहरूले 'टिकटक बन्द गर', 'टिकटकमा अश्लीलता भिडियो बनाउनेलाई कारबाही गर', 'टिकटक भगाऊँ आफ्नो संस्कृति बचाऊँ', 'टिकटक बन्द सङ्घर्ष समिति जिन्दाबाद'लगायतका नारासहित विरोध प्रदर्शन गरेका थिए ।

समाजमा अश्लीलताको सीमा नाघ्दै सामाजिक सञ्जालको व्यापक दुरुपयोग भइरहेको युवाहरूको आरोप छ । नेपालमा टिकटकमा सामाजिक विकृति मौलाउने खालका गतिविधिहरू अधिक नै बढ्न थालेपछि टिकटक बन्द सङ्घर्ष समितिले ज्ञापनपत्र बुझाएको हो ।

टिकटक प्लेटफर्ममा अश्लीलताबाहेक अन्य केही नदेखिएको भन्दै यसले समाजमा विकृति फैलाएको ठहर गर्दै यसलाई निषेध गर्न अपील गरिएको छ ।

छिमेकी मुलुक भारतमा समेत टिकटकले गर्दा शैक्षिकस्तर खस्किन थालेपछि तथा झन् विकृति फैलिन थालेपछि भारत सरकारले टिकटक बन्द गरेको छ ।

# राष्ट्रिय प्रसारण लाइनमा थपियो २७ मेगावाट बिजुली

लमजुङ, १५ भदौ/रासस

लमजुङबाट राष्ट्रिय प्रसारण लाइनमा २७ मेगावाट बिजुली थपिएको छ ।

हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीद्वारा दोर्दी गाउँपालिकामा निर्मित दोर्दी जलविद्युत् आयोजना सम्पन्न भएसँगै मङ्गलवारदेखि बिजुली राष्ट्रिय प्रसारण लाइनमा थपिएको हो ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएन)का पूर्वअध्यक्ष एवं प्रवर्द्धक हिमालय पावर पार्टनर लिमिटेडका अध्यक्ष जीवा लामिछाने र लगानीकर्ता आइएमई ग्रुपका अध्यक्ष चन्द्र ढकालको उपस्थितिमा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जडान भएको घोषणा गरिएको हो ।

एनआरएनका पूर्वअध्यक्ष लामिछानेले आफू अध्यक्ष रहेका बेला गैरआवासीय नेपालीले एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट कम्पनी खोलेर उक्त संस्थामार्फत यस जिल्लामा पहिलोपटक दोर्दीखोला जलविद्युत् आयोजनामा लगानी गरेको बताए । उनले नेपालमा सफल व्यवसायीसँग मिलेर काम गरेको र गैरआवासीय नेपालीको लगानीबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जडान भएकोमा खुशी व्यक्त गरे ।

त्यस्तै आइएमई ग्रुपका अध्यक्ष ढकालले एनआरएनसँग मिलेर दोर्दीखोला जलविद्युत् आयोजनालाई अघि सारिएको र अहिले सम्पन्न भएको भन्दै खुशी व्यक्त गरे । आउँदा दिनमा ठूला जलविद्युत्, पर्यटन, पूर्वाधारलगायतमा लगानी गर्न उनले गैरआवासीय नेपालीलाई आग्रह गरेका छन् ।

आयोजनाले २०७२ फागुनदेखि निर्माण थालनी गरेर २०७५ भदौ १५ गते विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको थियो । भारतको नाकाबन्दी, अघिल्लो बर्खामा पावरहाउसमा मर्स्याङ्दी नदीको पानी छिरेर मेशिनरी सामग्रीमा पुर्‍याएको क्षति र सुरुङ निर्माण गर्ने क्रममा कमजोर चट्टान भेटिएकोले निर्माणमा ढिलाइ भएको आयोजना प्रमुख मुन्न शाक्यले बताए ।

आयोजनाको बाँधस्थल २१२ मिटरको रहेको छ । बेंसीसहर नगरपालिका–११ रामचोकबेंसीमा विद्युत्गृह छ । नेपाल विद्युत् प्राधिकरण र उक्त कम्पनीका बीच पिपिए सम्झौता २०६९ असार १ गते भएको थियो । बाँधस्थल र विद्युत्गृहको काम रसुवा कन्स्ट्रक्शन कम्पनी, पाइप लाइनको माछापुच्छ्रे मेटल एन्ड मेसेरेनरी कम्पनी र सुरुङ निर्माणको काम मल्टि इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट कम्पनीको रहेको थियो ।

आयोजनामा गैरआवासीय नेपाली सङ्घको ३५.७ प्रतिशत, आइएमई ग्रुपको ३४.३ प्रतिशत र ३० प्रतिशत सर्वसाधारणको लगानी छ । रु तीन अर्ब ८६ करोडमा निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ अघि बढे पनि निर्माण सम्पन्न हुँदा करीब रु पाँच अर्बभन्दा बढी खर्च भएको आयोजनाले जनाएको छ ।

सुक्खायाममा ८ रुपियाँ ४० पैसा र बर्खायाममा ४ रुपियाँ ८० पैसामा विद्युत् खरीद गर्ने सम्झौता (पिपिए) भएको आयोजनाले जनाएको छ ।

यस अघि जिल्लामा ७० मेगावाटको मध्यमर्स्याङ्दी जलविद्युत् केन्द्र, ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' लगायत छ आयोजनाबाट राष्ट्रिय प्रसारण लाइनमा बिजुली जोडिएको छ ।

# (सन्दर्भः पुस्तकालय दिवस) पठन संस्कृतिमा जोड दिँदै पुस्तकालय

गण्डकी, १५ भदौ

पछिल्ला समयमा पठन संस्कृति कम हुँदै गएको हो कि भन्ने चासो र चिन्ताका बीच नेपालमा बुधवार १५औं पुस्तकालय दिवस विविध कार्यक्रमका साथ मनाइयो। बर्सेनि पठन संस्कृति कम हुँदै गएको विषय प्रत्येक भदौ १५ गते मनाइने पुस्तकालय दिवसमा निरन्तर उठ्दै आएको छ। दिवसका अवसरमा गरिने छलफल एवं अन्तर्क्रियामा हराउँदै गएको पठन संस्कृतिलाई अन्त्य गर्दै पुस्तकालय जाने र पढ्ने बानीको विकासका लागि वातावरण तयार गरिनुपर्नेमा जोड दिने गरिएको छ।

इतिहास अनुसार नेपालमा विसं १८६९ भदौ १५ गते आजकै दिन तत्कालीन राजा गीवार्णयुद्धविक्रम शाहले हनुमान ढोकामा 'पुस्तक चिताइ तहबिल' स्थापना गरेका थिए। उक्त समयमा पुस्तकालयको रेखदेखका लागि पण्डित केदारनाथ झालाई जिम्मेवारी दिइएको थियो। पुस्तक चिताइ तहबिलका रूपमा पुस्तकालयसम्बन्धी पहिलो कानून बनेको त्यही दिनको स्मरण गर्दै नेपालमा २०६५ सालदेखि औपचारिकरूपमा पुस्तकालय दिवस मनाउँदै आइएको नेपाल पुस्तकालय सङ्घका पूर्व केन्द्रीय अध्यक्ष डा अशोक थापाले जानकारी दिए। सो पुस्तकालयमा राखिएका पुस्तकलाई विसं १९१० मा दरबार हाइस्कूलमा स्थानान्तरण गरिएको थियो।

विसं १९५७ मा घण्टाघरमा स्थापित वीर पुस्तकालयमा दरबार हाइस्कूलका पुस्तक पुनः स्थानान्तरण गरिएको थियो। विसं २०२४ मा वीर पुस्तकालयबाट त्यहाँका पुस्तक पुरातत्त्व विभाग अन्तर्गतको अभिलेखालयमा संरक्षण गरिएको छ। नेपालमा पुस्तकालयको औपचारिक स्थापना भएको दुई शताब्दीभन्दा बढी भइसकेको वर्तमान अवस्थामा थुप्रै पुस्तकालय स्थापना भएपनि पठन संस्कृतिको अभावलाई चुनौतीका रूपमा हेरिएको यस क्षेत्रका अनुसन्धाता बताउँछन्।

पुस्तकालयहरू विशेषतः तीन किसिमका सामुदायिक, शैक्षिक र निजी रहेको जनाउँदै पूर्वअध्यक्ष थापाले २०६८ को तथ्याङ्क अनुसार नेपालमा सामुदायिक पुस्तकालयको सङ्ख्या एक हजारभन्दा बढी रहेको जानकारी दिए। समयको परिवर्तन अनुसार पनि पढ्ने संस्कृतिमा परिवर्तन आएको बताउँदै उनले पछिल्ला पुस्ता नवीनतम प्रविधिमा आधारित पुस्तकालयप्रति आकर्षित बन्दै गएको बताए। "समयको परिवर्तनसँगै अबका पुस्तकालयमा युवा पुस्ताको माग अनुसार पुस्तक तथा पाठ्य सामग्री राखिनु जरुरी छ," उनले भने, "सूचना प्रविधिका क्षेत्रमा आएको परिवर्तनलाई आत्मसात् गर्दै पाठ्यपुस्तकलाई डिजिटलाइज गर्नुपर्दछ।"

पुस्तकालयको भौतिक संरचना पनि बसौं बसौं पढौं पढौं लाग्ने किसिमको हुनुपर्नेमा उनले जोड दिए। पाठकलाई अधिकतम जोड्ने गरी पुस्तकालयको विकास गरिनुपर्दछ।

सामुदायिक जागरणका लागि पुस्तकालय अपरिहार्य भएको ठहर गर्दै तत्कालीन समयमा महाकवि लक्ष्मीप्रसाद देवकोटालगायत केही बौद्धिक व्यक्तित्वहरूले प्रधानमन्त्री भीमशम्शेरका पालामा पुस्तकालय स्थापना गर्दा विसं १९८७ मा 'लाइब्रेरी पर्व' भएको थियो। जुन नेपाली इतिहासमा स्वर्ण अक्षरले लेखिएको छ। त्यस समयमा पुस्तकालय स्थापना गरेबापत तत्कालीन सरकारले उनीहरूलाई जनही एक सय रुपियाँ जरिवाना तिराइएको थियो।

पछिल्ला वर्षमा विभिन्न स्थानमा सामुदायिक पुस्तकालयमा पूर्वाधार विकाससँगै समुदायमा नै पठन संस्कृति बढाउने प्रयास गरिएको छ। तिनै सामुदायिक पुस्तकालयमध्येको पोखरा महानगरपालिका वडा नं १३ कुँडहरमा छ दशकअघि स्थापित अरण्यज्योति पुस्तकालय एउटा ज्वलन्त उदाहरण हो। विसं २००९ अर्थात् नेपालमा १०४ वर्षीय निरङ्कुश राणाशासन अन्त्यपछिको सङ्क्रमणकालीन समयमा स्थापित यस पुस्तकालयले आफ्नै गौरवमय इतिहास बोकेको पुस्तकालयका सञ्चालक समितिका पूर्वअध्यक्ष एवं भद्रकाली माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र भण्डारीले बताए।

पोखरा-१३ स्थित भद्रकाली मन्दिरबाट पूर्व र भद्रकाली माध्यमिक विद्यालयबाट दक्षिणतर्फ रहेको पुस्तकालय महानगरपालिकाद्वारा भोगाधिकारका लागि प्राप्त करीब पाँच रोपनी जग्गामा अवस्थित छ। विगतमा सामान्य एउटा कच्ची कोठाबाट शुरू भएको पुस्तकालय अहिले पक्की ढलानयुक्त भवनमा सञ्चालन भइरहेको छ।

इतिहासको जगेर्नाका साथै समाज परिवर्तनको महत्त्वपूर्ण आधार सो पुस्तकालयलाई थप व्यवस्थित गर्दै कुँडहर र आसपासका क्षेत्रको शैक्षिक तथा सामाजिक पहिचानलाई कायमै राख्न पुस्तकालयमा पठन संस्कृतिमा समेत जोड दिइएको छ।

पुस्तकालयमा अहिले करीब छ हजार पुस्तक, १८ वटा कम्प्युटर, एउटा ल्यापटप, एउटा प्रोजेक्टर, इन्टरनेट आदि सुविधा उपलब्ध गराइएको छ। पुस्तक पढ्ने बानीले व्यक्तिलाई तर्कशील बनाउनुका साथै समाजमा सकारात्मक सोचको अभिवृद्धि गराउन सकिने बताउँदै उनले आफूहरूले पुस्तकालयमार्फत पठन संस्कृतिमा जोड दिएको धारणा राखे।

पोखराकै अर्को पोखरा सार्वजनिक पुस्तकालयले पनि विभिन्न कार्यक्रमका साथ पाठकलाई निरन्तर आकर्षित गर्ने गरेको पुस्तकालय व्यवस्थापन समितिका सहसचिव सूर्य क्षेत्रीले जानकारी दिए। दैनिक ७०/७५ जनासम्मले अध्ययन गर्ने उक्त पुस्तकालयमा नियमितरूपमा विभिन्न पुस्तकबारे परिचर्चा, उद्यमीसँग उद्यमका कुरा जस्ता कार्यक्रम पनि गर्ने गरिएको उनले बताए। "पुस्तकालयमा वातावरण दिवस, युवा दिवस, शिक्षा दिवस, बाल दिवस आदि पनि मनाउने गरिएको छ," उनले भने, "विभिन्न कार्यक्रमका साथ हामीले पाठकहरूलाई पुस्तकालयसँग जोड्दै आएका छौं।" पुस्तकालयमा हाल विभिन्न विषयका ११ हजार ५०० पुस्तक छन्।

## करेन्ट लागेर मजदुरको मृत्यु

प्रस, वीरगंज, १५ भदौ/

वीरगंज महानगरपालिका-२२ जगरनाथपुर-परवानीपुर सडकखण्डमा रहेको सर्वोत्तम स्टील उद्योगमा कार्यरत दुईजना मजदूरलाई करेन्ट लाग्दा एकजनाको मृत्यु तथा एकजना घाइते भएको समाचार प्राप्त भएको छ।

मृत्यु हुनेमा बर्दिया, बारबर्दिया नगरपालिका-१ निवासी १७ वर्षीय रविन थारूको मृत्यु भएको छ भने सोही जिल्ला निवासी सीताराम थारू गम्भीर घाइते भएका छन्। उनको उपचार मेडिसिटी वयोधा अस्पतालमा भइरहेको छ। सो उद्योगमा नयाँ भवन निर्माणको क्रममा पिलर ढलान गरिरहेको बेला भब्लेटरबाट करेन्ट प्रवाह भई उनीहरू घाइते भएको तथा उपचारको लागि वयोधा अस्पतालमा पठाउँदा एकजनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

## बसको ठक्करबाट वृद्धको मृत्यु

प्रस, वीरगंज, १५ भदौ/

ना.७ख १८३७ नम्बरको बसको ठक्करबाट बुधवार बिहान ११ बजे एक वृद्धको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

मृत्यु हुनेमा मोटरसाइकलमा सवार रौतहट, पतौरा नगरपालिका निवासी ६५ वर्षीय तुलसी राम रहेको जिप्रका, पर्साले जनाएको छ।

लक्ष्मणवा चोकबाट वीरगंज नयाँ बसपार्कतर्फ आइरहेको बसले सोही दिशाबाट आइरहेको ना.४०प ९४७१ नम्बरको मोटरसाइकललाई बाइपास सडकमा ठक्कर दिएको थियो। ठक्करबाट मोटरसाइकल चालक रामसागर साह घाइते भएको र उनको उपचार नारायणी अस्पतालमा भइरहेको प्रहरीले जनाएको छ। ठक्कर दिने बस तथा चालक ललितपुर निवासी कुमार रजकलाई प्रहरीले पक्राउ गरेको छ।

### सिसी क्यामेरा हेर्दै.....

काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ट्राफिक नियम उल्लङ्घन गरेका ४२० चालक छन्।

ट्राफिक प्रहरीले खोजी गरी ल्याइएका ९७ चालकमध्ये ६३ जनालाई कारबाही गरिएको छ। अन्य चालक हालसम्म ट्राफिक प्रहरीको सम्पर्कमा नआएकाले खोजी भइरहेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए।

सवारी नियम उल्लङ्घन गर्ने चालकलाई ट्राफिक प्रहरीले विगतमा झैं सिसिटिभी फुटेजका आधारमा खोजी गरी गर्ने कारबाहीलाई थप तीव्रता दिइएको प्रवक्ता भट्टले बताए। प्रहरीले विद्यार्थी लक्षित जाँच अभियान पनि सँगसँगै अघि बढाएको छ। उक्त अभियानका क्रममा विद्यार्थीले पनि मापसे गरेर सवारी चलाउने गरेको पाइएपछि उनीहरूसमेत कारबाहीमा परेका छन्।

## अवैध सालको काठ बरामद

प्रस, निजगढ, १५ भदौ/

निजगढ नगरपालिका-१ सिंगौलबाट बुधवार एक लाख मूल्यभन्दा बढीको



तस्वीरः प्रतीक

अवैध सालको काठ बरामद भएको छ।

डिभिजन वन कार्यालय, बारा मातहतको निजगढ सबडिभिजन वन कार्यालय र तामागढी सबडिभिजन वन कार्यालयको सशस्त्र वन रक्षक, वन कर्मचारीहरूको टोलीले छापामारी गर्दा एक लाख १५ हजार मूल्य बराबरको सालको चिरान काठ र एक थान गोलिया बरामद भएको डिवका, बाराले जनाएको छ।

धन्सार खोलानजीकै किनारमा रहेको एक टहरामा लुकाइछिपाइ राखेको सूचनाको आधारमा छापामारी गर्दा सो परिमाणको काठ बरामद भएको वन कार्यालयले जनाएको छ। छापामारीमा थप मदतको लागि सिंगौल अस्थायी प्रहरी चौकीका प्रहरीसमेतको सहयोग रहेको थियो।

डेढ महीनायता जिल्लाका विभिन्न स्थानबाट करीब १० लाख मूल्यबराबरको काठ वन कार्यालयले बरामद गरेको छ।




वीरगंज महानगरपालिकाको घण्टाघर र माईस्थानमा बिहीवार भदौ १६ गते ऋषिपञ्चमीको लागि चिचिरो बिक्री भइरहेको छ। बुधवार ठूलो परिमाणमा चिचिरो ल्याएर बिक्री भइरहेको छ। ऋषिपञ्चमीको दिन महिलाहरूले चिचिरोको दतिवन गरेर पूजा गर्ने धार्मिक परम्परा छ। तस्वीरः नितेश कर्ण

## फरक समाचार

## प्रोस्टेट क्यान्सरको खतरा कम गर्ने उपाय

संसारमा क्यान्सरको मामिला बढ्दैछ। क्यान्सर शरीरको जुनसुकै भागमा हुन सक्छ। शरीरको प्रोस्टेटमा पनि क्यान्सर हुन्छ, जसलाई प्रोस्टेट क्यान्सर भनिन्छ। यो केवल पुरुषलाई मात्र हुन्छ। क्यान्सरबाट जोगिन चिकित्सकहरूले स्वस्थ दिनचर्या र नियमित स्वास्थ्य जाँच गराउन सल्लाह दिन्छन्।



हालै शोधकर्ताहरूले गरेको नयाँ अनुसन्धान अनुसार यौन गतिविधिबाट प्रोस्टेट क्यान्सरको खतरालाई कम गर्न सकिन्छ। उनीहरूको निष्कर्ष छ, तपाईंको प्रोस्टेटलाई स्वस्थ राख्ने एक तरीका उच्च स्तरको यौन गतिविधि हो। हार्वर्ड युनिभर्सिटीका शोधकर्ताद्वारा युरोपीय युरोलोजी जर्नलमा यो रिसर्च प्रकाशित गरिएको छ, जसमा भनिएको छ-जसले बढी वीर्य निकाल्ने काम गर्दथे, उनीहरूमा प्रोस्टेट ट्युमरको अनुबन्धको सम्भावना कम थियो। यसमा हस्तमैथुनको माध्यमबाट होस् वा आफ्नो जीवनसाथीसँग शारीरिक सम्बन्ध बनाएरसमेत सामेल थियो। शोधकर्ताले ३२ हजार पुरुषको यौन आदत अध्ययन गरी यो निष्कर्ष निकालेका हुन्।

कुल मिलाएर यो निर्धारित गरिएको थियो कि एकजना पुरुषको रूपमा तपाईंको एक महीनाको दौरान २१ पटक आफ्नो सिमन डिस्चार्ज गर्नुपर्छ। यो पाइएको छ कि जुन पुरुषले महीनाको दौरान कमसेकम २१ पटक सिमन आफ्नो शरीरबाट निकालेका थिए, उनीहरूमा प्रोस्टेट क्यान्सरको जोखिम अन्य व्यक्तिको तुलनामा ३३ प्रतिशत कम थियो।

शोधकर्ताका अनुसार यस्तो होइन कि केवल वीर्य त्याग गर्नाले प्रोस्टेट क्यान्सरको खतरा कम हुन्छ, यसको लागि अन्य कारण पनि हुन्छ। मोटोपन, तम्बाकु र उच्च बोसो भएको भोजन खानेहरूलाई सजिलै प्रोस्टेट क्यान्सर हुन सक्छ। अध्ययनका लेखक भन्छन्-युवा उमेरमा कम वीर्य त्याग गर्नेको तुलनामा बढी गर्ने पुरुषलाई पछि प्रोस्टेट क्यान्सर हुने सम्भावना कम थियो। यो एउटा ठूलो सम्भावित अध्ययनले प्रोस्टेट क्यान्सरको रोकथाममा वीर्य त्यागको भूमिकालाई दर्शाउँछ।

आँकडाले भन्छ-आयरल्यान्डमा ३२ हजार ५०० भन्दा बढी पुरुष प्रोस्टेट क्यान्सरसँगै जीवन बिताइरहेका छन्। यसको अलावा टेस्टिकुलर क्यान्सर युवा पुरुषमा सबैभन्दा साधारण क्यान्सर हो। १८-२४ आयु वर्गका अधिकांश पुरुषमध्ये लगभग आधा (४८ प्रतिशत)ले पछिल्लो छ महीनामा यस प्रकारको लक्षण चेकजाँचको लागि शायदै वा कुनै बेला जाँच गराएका थिए।

कुल मिलाएर ४७ प्रतिशत पुरुष टेस्टिकुलर क्यान्सरको लक्षणको लागि आफ्नो अण्डकोषको जाँच गराउन जाँदैनन् र १८-३४ आयु वर्गको प्रत्येक दशजनामध्ये लगभग चारजना पुरुषलाई यो थाहा हुँदैन कि ठीकसँग परीक्षण गर्नुपर्छ कि पर्दैन।

## रक्सीको लत छुटाउने तरकारी

शोखको लागि रक्सी पिउँदा पछि गएर यसको लत बस्छ। यदि सातामा ८-



१० बोतल वा क्यान रक्सी पिउनुहुन्छ भने यसबाट मुक्ति पाउन निकै जरूरी छ। यदि तपाईं कहिलेकाहीं निकै कम मात्रामा रक्सी पिउनुहुन्छ भने यो तपाईंको लागि विष साबित हुँदैन। तर तपाईं हरेक दिन गिलास भरेर रक्सी पिउनुहुन्छ भने यसले तपाईंको शरीरलाई भित्रबाटै खोक्रो बनाइरहेको हुन्छ।

रक्सीको लत एउटा बिमारी हो जसको कारण अहिले पनि पूर्णरूपले पत्ता लगाउन सकिएको छैन। अल्कोहल युज डिसअर्डर तब विकसित हुन्छ जब तपाईं बढी रक्सी सेवन गर्दा मस्तिष्कमा रासायनिक परिवर्तन हुन्छ। रक्सी पिउँदा सुखद भावना बढाउँछ। त्यसकारण तपाईंले बढी पिउन चाहनुहुन्छ, भलै यसबाट नोक्सान किन नहोस्।

रक्सीको लत छुटाउने तरीकामा थुप्रै अनुसन्धान भएको छ, जसमध्ये एउटा प्राकृतिक तरीका छ, जसले यो लत छुटाउन सकिन्छ। एउटा अध्ययन अनुसार भारत रक्सी सेवनको मामिलामा सबैभन्दा अगाडि छ। चीनपछि भारत स्पिरिट्सको दोस्रो ठूलो ग्राहक हो। भारतमा ६६३ मिलियन लिटरभन्दा बढी रक्सी सेवन हुन्छ, जुन सन् २०१७ को तुलनाभन्दा ११ प्रतिशत बढी हो। विश्व स्वास्थ्य सङ्गठनको अनुमान अनुसार दुनियाँभरिमा सामान्य १६ प्रतिशतको तुलनामा ११ प्रतिशत भारतीय रक्सीको उपभोक्ता हो।

बढी रक्सी सेवनबाट कलेजो क्षतिग्रस्त हुन्छ। यसको साथै गैस्ट्रोइन्टेस्टाइनल पथबाट रक्तस्राव तथा क्यान्सर, मस्तिष्कको कोशिकालाई नोक्सान, पागलपन, डिप्रेशन, उच्च रक्तचाप, अग्नाशय सुन्निने, नर्भ डैमेज, वर्निक-कोर्साकोफ सिन्ड्रोमसहित मानसिक स्थितिमा परिवर्तनको जोखिम हुन्छ। यसको अलावा पारिवारिक, आर्थिक र सामाजिक जीवनमा पनि यसले प्रभावित गर्छ। तसर्थ रक्सीको लत समयमैं छोड्नुपर्छ।

एउटा शोध अनुसार मैजिक मशरूम जसलाई साइकेडेलिक मशरूम पनि भनिन्छ। यो तरकारीको रूपमा खाएपछि रक्सीको लत निकै हदसम्म नियन्त्रण गर्न सकिन्छ। च्याउमा साइलोसाइबिन नामक एउटा तत्त्व हुन्छ, जुन मानसिक विकारलाई टाढा गर्न सहायक हुन्छ। अध्ययन अनुसार ९३ जना जँडचाहालाई साइलोसाइबिन वा एउटा डमी औषधियुक्त क्याप्सुल दिइएको थियो र केही महीनापछि तीमध्ये आधाले रक्सी पिउन पूर्णरूपमा बन्द गरिदिएका थिए।

अध्ययन अनुसार साइकेडेलिक मशरूममा हुने एउटा यौगिकले अत्यधिक रक्सी पिउने जँडचाहालाई रक्सी छाड्न मदत गर्छ। च्याउको थुप्रै प्रजातिमा पाइने साइलोसाइबिनले धेरै घण्टासम्म विशद मतिभ्रम उत्पन्न गर्न सक्छ। वैज्ञानिकले यो कुरा खोज्दैछन् कि के यसले अवसादलाई पनि कम गर्न सक्छ वा लामो समयसम्म धूमपान गर्ने अम्मलीलाई पनि यसबाट मुक्त हुन मदत गर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तानी प्रमद्वारा बाढीपीडितका लागि अन्तर्राष्ट्रिय सहयोगको अपील

इस्लामाबाद, १५ भदौ/रासस

पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले पाकिस्तानमा बाढीले इतिहासमै सबैभन्दा नराम्ररी प्रभावित पारेको बताएका छन् ।

प्रधानमन्त्री शरीफले बाढीका कारण पाकिस्तानमा अहिले इतिहासमै सबैभन्दा बढी क्षति पुगेको बताउँदै सहयोगका लागि सबैसँग अपील गरेका हुन् ।

उनले पाकिस्तानी नागरिकका साथै विदेशी दाता निकाय तथा देशसँग सो अपिल गरेको प्राप्त समाचारमा जनाइएको छ ।

बाढीका कारण विस्थापित व्यक्तिको सङ्ख्या दशौं लाख भएकोले उनीहरूको उद्धार, पुनर्स्थापना र राहतका लागि ठूलो आर्थिक सहयोग आवश्यक रहेको भन्दै यसका लागि उनले आग्रह गरेका हुन् ।

यहाँका कैयौं प्रान्तमा बाढीले गरेको क्षति न्यूनीकरणका लागि सरकारले प्रयत्न गरिरहेको भएपनि सबै नागरिकलाई वास र खानपिनको उचित व्यवस्थापन गर्न सम्भव हुन सकेको छैन ।

त्यसैले उनीहरूलाई राहत र पुनर्स्थापनाका लागि ठूलो मात्रामा आर्थिक सहयोग आवश्यक परेको भन्दै अन्तर्राष्ट्रिय समुदायसँग सहयोगको अपील गरेका हुन् ।

पाकिस्तानका विभिन्न भागमा परेको अविरल वर्षासँगै आएको बाढी र पहिरोमा परेर ११०० भन्दा बढी मानिसको मृत्यु भएको छ । यो बाढीमा परेर तीन करोड ३० लाखभन्दा बढी मानिस प्रभावित भएका छन् । यहाँ गएको हप्तादेखि अविरलरूपमा वर्षा भएको छ ।

राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार पाकिस्तानमा बितेका दुई महीनामा वर्षाजन्य दुर्घटनामा परेर ती व्यक्तिको मृत्यु भएको हो । यहाँका एक हजार ६३४ जना घाइते भई अस्पतालमा रहेका छन् ।

पाकिस्तानी अधिकारीका अनुसार यहाँका बलुचिस्तान, गिलगिट बाल्टिस्तान, खैबर पख्तुनख्वा र सिन्ध प्रान्त बाढी र त्यसपछि आएको पहिरोबाट बढी प्रभावित छन् ।

बाढी र पहिरोले सडक बगाएको, पशु-चौपाया बगाएको, पुल भत्काएको तथा ठूलो क्षेत्रमा लगाएको बाली पनि नष्ट गरिदिएको बताइएको छ ।

यसैबीच, सिन्ह्वा समाचार समितिले दिएको समाचार अनुसार पाकिस्तानमा भारी वर्षापछिको बाढी र वर्षासँग सम्बन्धित घटनाको कारण गएको २४ घण्टाको समयावधिमा ३६ जनाको मृत्यु भएको राष्ट्रिय प्रकोप व्यवस्थापन (एनडिएमए)का अधिकारीले जानकारी दिएका छन् ।

यस प्रकोपमा परी एक हजार ९४१ जना घाइते भएका पनि ती अधिकारीले थप जानकारी दिएका छन् । पाकिस्तानको पूर्वी भागमा रहेको पञ्जाब प्रान्त यस भीषण प्रकोपबाट सबभन्दा बढी प्रभावित भएको एनडिएमएले मङ्गलबार साँझ प्रकाशन गरेको विज्ञप्तिमा जानकारी दिएको छ ।

यस क्षेत्रमा बाढी र वर्षा सम्बन्धित घटनामा परी १९ जनाको मृत्यु हुनुको साथै एक हजार ९१९ जना घाइते भएका एनडिएमए जनाएको छ ।

त्यसपछि दोस्रो स्थानमा खैबर पाख्तुन्ख्वा प्रान्तमा नौजनाको मृत्यु भएको समाचारमा जनाइएको छ । वर्षा र बाढी प्रभावित क्षेत्रमा एक हजार ५९१ किलोमिटर सडक र ८१ पुल र तीनवटा पसल क्षतिग्रस्त भएका छन् ।

पाकिस्तानमा यस वर्षको मौसमी वर्षा शुरू भएयता एक हजार १६२ व्यक्तिको मृत्यु हुनुका साथै अन्य तीन हजार ५५४ जना घाइते भएका एनडिएमएनले थप जानकारी दिएको छ ।

एनडिएमएनका अनुसार प्रकोप शुरू भएयता एक लाख १८ हजार २४७ व्यक्तिको उद्धार गरिएको छ । हाल चार लाख ६२ हजार २३६ व्यक्ति अस्थायी शिविरमा बस्दै आएका छन् । यस प्रकोपको कारण तीन करोड ३० लाख ४६ हजार ३२९ व्यक्ति प्रभावित भएका जनाइएको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्धार कार्य गर्न एडिएमए, अन्य सरकारी सङ्गठन, गैरसरकारी सङ्गठन र स्वयंसेवकको सहभागिता रहेको जनाइएको छ । रासस

## कोरियामा कोरोनाबाट ७५ जनाको मृत्यु, भारतमा पनि बिरामी बढे

सोल, १५ भदौ/एपी

दक्षिण कोरिया, न्युजिल्यान्ड र मलेशियामा कोभिड-१९ सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या मङ्गलवार पनि अप्रत्याशितरूपमा बढेको छ । चिनियाँ समाचार समिति सिन्ह्वाका अनुसार मङ्गलवार दक्षिण कोरियामा ७५, मलेशियामा चार र न्युजिल्यान्डमा १७ जनाको मृत्यु भएको छ ।

न्युजिल्यान्डको स्वास्थ्य मन्त्रालयले बुधवार जनाए अनुसार अघिल्लो महीनाको तुलनामा नयाँ सङ्क्रमितको सङ्ख्या लगातार घटेको छ । मङ्गलवार मध्यरातसम्मको विवरण सार्वजनिक गर्दै सरकारी अधिकारीले देशका विभिन्न भागमा दुई हजार २४४ नयाँ बिरामी थपिएको बताएका छन् ।

एक महीना अघि न्युजिल्यान्डमा दैनिक १० हजारभन्दा बढी नयाँ सङ्क्रमित फेला परेका थिए । बिरामीको देशका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । हाल न्युजिल्यान्डमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या १७ लाख २४ हजार ७२४ रहेको छ भने यो रोगको सङ्क्रमणबाट एक हजार ८९३ जनाले ज्यान गुमाएका छन् ।

यसैबीच, मलेशियामा मङ्गलवार मध्यरातसम्मको विवरण अनुसार चारजनाले कोभिड-१९ बाट ज्यान गुमाएका छन् ।

हालसम्म मलेशियामा ३६ हजार २१० जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भइसकेको छ । देशमा कुल ४७ लाख ८० हजार २८४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

दक्षिण कोरियामा भने महामारी साम्य हुने लक्षण देखिएको छैन । मङ्गलवार एकै दिन ७५ जनाको मृत्यु भएको छ । सोमवार मध्यरात सार्वजनिक गरिएको विवरण अनुसार देशमा एक लाख तीन हजार ९६१ जना नयाँ सङ्क्रमित थपिएका छन् । हाल दक्षिण कोरियामा कोभिड-१९ बाट सङ्क्रमितको सङ्ख्या दुई करोड ३२ लाख ४६ हजार ३८९ पुगेको छ ।

सोमवारको तुलनामा मङ्गलवार भारतमा पनि कोरोनाका बिरामी बढेका छन् । रासस

### मिटरब्याजी........

दरले मासिक ब्याज जोड्ने काम भएको पीडित परिवारजनको आरोप छ । १४ लाख कर्जा भुक्तानीको लागि सोनरनियाकै १२ कठ्ठा जग्गा बिक्री गर्नुपरेको र दुई बिघा जग्गा धितो राखेर कर्जा फिर्ता गरिएको उक्त परिवारको भनाइ छ ।

त्यसैगरी, महागढीमाई नपाका किशोरीप्रसाद यादव पेशाले शिक्षक हुन् । उनी अहिले जीतपुरसिमरा उपमहानगरपालिकाको बकुलिया माविका प्रधानाध्यापक हुन् ।

पत्रकार सम्मेलनमा उनका भतिजा ओमनारायण यादवका अनुसार ठूलो बुबाले अनिल प्रियदर्शी, रम्भा यादवसँग ७५ लाख कर्जा लिएकोमा अहिलेसम्म तीन वर्षको अवधिमा पाँच करोड नगद दिइसकेको र तीन कठ्ठा वीरगंजकै मूल्यवान् जग्गा पनि दिइसकेको बताए ।

कलैया उपमनपा-२ का युगलकिशोरको परिवारले रु २७ लाखको कर्जामा ८१ लाख बराबरको कागज गरेको देखिएको छ । धाक, धम्की र परिबन्धमा पारी दोब्बर-तेब्बर रकमको कागज गराइ कर्जा दिने व्यक्ति अनिल प्रियदर्शी, रामदिनेश यादव र सुनीलकुमार ठाकुरले पटक-पटक गरी नगद र बैंकमार्फत ८१ लाख लिइसकेको र अहिले पनि ८१ लाख मूल्य बराबरको मुद्दा बारा जिल्ला अदालत र उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा खेप्नुपरेको अस्टेलियामा रहेका युगलकिशोर बताउँछन् । चेक बाउन्सकै मुद्दामा एक वर्षअघि आफू करीब एक महीना थुनामा पनि बसेको युगलकिशोर बताउँछन् । मिटरब्याजकै कारण उनको कलैया उपमनपा-१६ उत्तर भिटकैयामा रहेको ४९ कठ्ठा खेत र वडा नं २ मा रहेको साढे आठ धुर घडेरीमा अढाई तले घर पनि बैंकले लिलाम गरेर कब्जामा लिएको बताए ।

युगलकिशोरले व्यवसायको क्रममा एनआइसी एशिया बैंकबाट ऋण लिएका थिए र उनको जग्गाको प्रथम रोक्का बैंकले गरेको थियो भने दोस्रो रोक्का अनिल प्रियदर्शीले गराइदिंदा उक्त जग्गा समयमा बेच्न खोज्दा पनि बिक्री भएन । जसले गर्दा जग्गा बैंकको लिलामीमा चढ्यो र उक्त परिवार अहिले कङ्गाल भएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो ।

पत्रकार सम्मेलनमा अनिल प्रियदर्शी नेरा आधारभूत विद्यालय, नौतनको प्रधानाध्यापक भएका कारण काग़जी कारोबारमा आफू संलग्न नभई नातागोता तथा अन्य साथीभाइलाई यस गतिविधिमा संलग्न गराएर यस्तो धन्दा चलाइरहेका बारेमा पनि स्थानीय प्रहरी प्रशासनको ध्यानाकर्षण गराएका छन् । नेपाल सरकारले मिटरब्याजको घटनालाई सूक्ष्म किसिमले छानबीन गर्न जिल्ला प्रहरी र प्रशासन कार्यालयमार्फत उजुरी लिइरहेको छ । जस अन्तर्गत बारामा ४५ वटा र पर्सामा ८३ वटा उजुरी परेको बुझिएको छ ।

यस घटनामा आरोपित बनेका अनिल प्रियदर्शीसँग कुराकानी गर्दा उनले दयाशङ्करप्रसाद यादवसँग रु आठ लाखको लेनदेन रहेको र बाँकी कसले कोसँग रकम लिएको र के आरोप लगाएको त्यसबारेमा आफूलाई जानकारी नभएको बताएका छन् ।


### वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फुटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियमविपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ । साथै उक्त कार्य गरेको पाइएमा कानून बमोजिम जरिवाना साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वीरगंज महानगरपालिका, पर्सा



### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो ३:४० बजे


## मलको कालोबजारी गर्ने सञ्चालक पक्राउ, युरिया मल बरामद

प्रस, वीरगंज, १५ भदौ/

जिल्ला प्रहरी कार्यालय, बाराले पक्राउ गरिएको जिप्रका, बाराले जनाएको छ ।



तस्वीर सौजन्य: जिप्रका, बारा

मलखादको कालोबजारी गरेको आरोपमा २०९ बोरा मलखादसहित एकजना कृषि सहकारी संस्थाका सञ्चालकलाई पक्राउ गरेको छ ।

कलैया उपमहानगरपालिका-२३ स्थित कुश कृषि सहकारी संस्थाका सञ्चालक अरुण कुशवाहालाई मलखादको कालोबजारी गरेको आरोपमा पक्राउ गरिएको ...

नेपाल सरकारबाट कृषकहरूको लागि सहुलियत दरमा बिक्री गर्न अनुदानमा खरीद गरेको मलखाद बढी मुनाफा लिई बिक्री गरेको उजुरीको आधारमा सञ्चालक कुशवाहालाई प्रहरीले पक्राउ गरेको हो ।

महागढीमाई नगरपालिका-२ मैनी टोल बस्ने गगनदेवप्रसाद कुशवाहाले उक्त सहकारीमा मलखाद खरीद गर्न जाँदा निजसँग एक बोरा डिएपी मलको रु दुई हजार ८०० मा बिक्री गरी कालोबजारी गरेको आरोपमा सञ्चालक कुशवाहालाई पक्राउ गरेको जिप्रका, बाराले जनाएको छ । गगनदेवले जिप्रका बारामा उजुरी दिएपछि प्रहरीले सहकारीको गोदामबाट भण्डारण गरिराखेको डिएपी मल ११८ बोरा, युरिया मल २९ बोरा, पोटास ६१ बोरा, खेती शक्ति मल लेखिएको फसफेट एक बोरा र खुल्ला अवस्थामा रहेको युरिया मल ३८ किलो, डिएपी मल २७ किलो र पोटास मल २५ किलो बरामद गरेको बारा प्रहरीले जनाएको छ ।

पक्राउ परेका सञ्चालक कुशवाहामाथि कालोबजारसम्बन्धी कसूर अन्तर्गत मुद्दा दर्ता गरी हिरासतमा राख्न पहिलोपटक १० दिनको म्याद अनुमति लिई अनुसन्धान गरिरहेको जिप्रका, बाराले जनाएको छ ।

## नेकाको प्रतिनिधि र प्रदेशसभा उम्मेदवार घोषणा

प्रस, बिरुवागुठी, १५ भदौ/

नेपाली काङ्ग्रेस क्षेत्र नं २ को बैठक बुधवार पर्सागढी नगरपालिका-१ को कोइलाभारमाई मन्दिर प्राङ्गणमा सम्पन्न भएको छ । क्षेत्रीय कार्यसमिति क्षेत्र नं २ प्रदेशसभा (क)का सभापति वेदमनदास थारूको अध्यक्षतामा बसेको बैठकमा मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा प्रत्यक्ष र समानुपातिकतर्फ उम्मेदवारी घोषणा गरिएको छ ।



तस्वीर: प्रतीक

इच्छुक उम्मेदवारहरूमा पर्सा क्षेत्र नं २ प्रतिनिधिसभा सदस्यमा राजेन्द्रबहादुर अमात्य, प्रदेशसभा सदस्य क्षेत्र नं २ (क) मा राजेश्वरप्रसाद साह, प्रदेशसभा सदस्य क्षेत्र नं २ (क) समानुपातिकतर्फ विजयकुमार कर्ण, कामेश्वर मिश्र, वीरबहादुरप्रसाद यादव, भरतप्रसाद तेली, गोकर्णप्रसाद मैनाली, महिलातर्फ अर्चना चौधरी, मीरादेवी थरुनी, रीनादेवी यादवले उम्मेदवारी दिने बताएका छन् ।

बैठकमा विजयलाल कर्ण, रोशन लामिछानेलगायत महाधिवेशन प्रतिनिधि, प्रदेश प्रतिनिधि, वडा सभापतिको सहभागिता थियो ।

## तीज र पञ्चमीका कारण विद्यालय सञ्चालन भएन

प्रस, सेढवा, १५ भदौ/

नेपाल विद्यालय कर्मचारी परिषद् राष्ट्रिय समिति काठमाडौंले सामुदायिक विद्यालय बन्द आह्वान फिर्ता लिए पनि पर्साका अधिकांश विद्यालय बुधवार खुलेनन् ।

यस क्षेत्रका ठोरी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरू बन्द रहेका छन् भने जीराभवानी, जगरनाथपुर तथा धोबिनी गाउँपालिकाका सामुदायिक विद्यालयहरू खुलेका छन् । तर आज बिहानदेखि पानी परेको कारण विद्यार्थीहरूको उपस्थिति भने न्यून थियो । पटेर्वासुगौली गाउँपालिकाका शिक्षा शाखा प्रमुख शम्भु साहका अनुसार तीज व्रतपछि बिहीवारका दिन ऋषिपञ्चमी पर्व रहेकोले वर्षे बिदाबाट कट्टा हुने गरी बिदा मिलाइएको बताए । विद्यालयहरू शुक्रवारदेखि सञ्चालनमा आउने शिक्षा शाखा प्रमुख साहले बताए ।

त्यस्तै, सखुवाप्रसौनी गाउँपालिकाका विद्यालय शुक्रवारदेखि सञ्चालनमा आउने जनाइएको छ ।

ठोरी गाउँपालिकाका शिक्षा शाखा प्रमुख भोपालकुमार जोशीले आइतवारदेखि विद्यालय सञ्चालनमा आउने बताए । तीज पर्व मनाउन अधिकांश शिक्षिका माइती जाने भएकाले वर्षे बिदाबाट कट्टा हुने गरी बिदा मिलाइएको जोशीले बताए । नेपाल विद्यालय कर्मचारी परिषद्ले विभिन्न माग राखी भदौ १३ देखि १८ गतेसम्म देशभरिका सामुदायिक विद्यालय बन्द गर्न आह्वान गरेकोमा १३ गते स्थगित गरेको थियो ।

## प्रमुख प्रशासकीय अधिकृतद्वारा अनुगमन

प्रस, पर्सागढी, १५ भदौ/

पर्सागढी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादवले नगरपालिका अन्तर्गतका कार्यालयहरूको अनुगमन गरेका छन् । नपा अन्तर्गतका कार्यालयहरूबाट प्रवाह गरिने सेवासुविधाहरू चुस्तदुरुस्त गर्नका लागि अनुगमन गरिएको बताइएको छ । नपा अन्तर्गतका कार्यालयका कर्मचारीहरू विनासूचना कार्यालय नआई व्यक्तिगत काममा खट्दा सेवाग्राहीहरूले दुःख पाइरहेका गुनासाका आधारमा आज अनुगमन गरिएको हो ।



तस्वीर: प्रतीक

अनुगमनको क्रममा बिदामा बसेका कर्मचारीहरूको निवेदनबारे खोजीनिती गरिएको थियो ।

यसैगरी, कसैले आकस्मिक बिदा लिंदा मौखिक जानकारी दिए/नदिएको बुझ्ने काम भएको थियो । अनुगमनको क्रममा प्रमुख प्रशासकीय अधिकृत यादवले सेवा चुस्तदुरुस्त गर्नको लागि नपाबाट हुने सहयोगको आश्वासन दिए । उनले कुनै पनि सेवाग्राहीले दुःख नपाओस् भनेर कार्यालयबाट प्रदान गरिने सेवा चुस्तदुरुस्त गर्न निर्देशन दिए ।

बुधवार उनले वडा नं ४ स्थित स्वास्थ्य चौकीको अनुगमन गरेका थिए ।

## प्रहरीद्वारा घरेलु मदिराभट्टी तोडफोड

प्रस, वीरगंज, १५ भदौ/

जिल्ला प्रहरी कार्यालय, बाराले आदर्श कोतवाल गाउँपालिका-६ पटेर्वास्थित अवैध घरेलु मदिराभट्टी तोडफोड गर्नुका साथै एक हजार लिटर तयारी मदिरा र छ हजार लिटर कच्चा पदार्थ नष्ट गरेको जनाएको छ ।

पटेर्वामा सञ्जीव जैसवालले सञ्चालन गरेको अवैध मदिराभट्टीमा इलाका प्रहरी कार्यालय, बारागढीले छापा मारी अस्वस्थकर र न्यून गुणस्तरको रक्सी नष्ट गरेको हो । सो ठाउँबाट प्रहरीले रक्सी उत्पादन गर्न प्रयोग गरिने मेशिन, ठूलो मात्रामा भाँडाकुँडा तथा सात बोरा गुडका बोरा पनि नियन्त्रणमा लिएको जनाएको छ ।



तस्वीर सौजन्य: जिप्रका, बारा

### आजको राशिफल

| | |
|---|---|
| मेष — यात्रालाभ | वृष — कडापरिश्रम |
| मिथुन — सुसमाचार | कर्कट — उदरपीडा |
| सिंह — विजय | कन्या — धनलाभ |
| तुला — भाग्योदय | वृश्चिक — बेचैनी |
| धनु — मनोरञ्जन | मकर — कर्मप्राप्ति |
| कुम्भ — प्रगति | मीन — कष्टानुभूति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# प्रत्यक्ष र समानुपातिक उम्मेदवारहरूको नाम सिफारिस

प्रस, वीरगंज, १५ भदौ/

नेकपा एमाले, पर्सा क्षेत्र नं १ को क्षेत्रीय समितिको बैठकले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्यको लागि प्रत्यक्ष र समानुपातिक उम्मेदवारहरूको नाम सिफारिश गरेको छ।

नेकपा एमाले, पर्साको कार्यालय मनमोहननगरमा बुधवार सम्पन्न बैठकले प्रतिनिधिसभा सदस्यका लागि प्रत्यक्षमा पर्सा क्षेत्र नं १ बाट बसरुद्दीन अन्सारी, जुनैद अन्सारी, सन्तोष श्रेष्ठ र इस्लाम हवारीको नाम सिफारिश गरेको क्षेत्रीय संयोजक लालबाबू शेखले बताए। उनकै अध्यक्षता र जिल्ला इन्चार्ज प्रभु हजराको प्रमुख आतिथ्यमा भएको बैठकले समानुपातिकतर्फ प्रभु हजरा, निर्मला देवकोटा, डा विश्वम्भर शर्मा, बाबूराम कौशिक, मेघराज पासवान, उर्मिला शर्मा, रञ्जु फुँयाल, बिन्दु श्रेष्ठ, इन्दु घिमिरे, ललिफन खातुन, केसी लामिछाने र श्याम बन्जारा गरी दशजनाको नाम सिफारिश गरेको क्षेत्रीय संयोजक शेखले बताए।

उनले आजको बैठकले सिफारिश गरी प्रदेश कमिटीमा पठाएको र प्रदेशले केन्द्रीय कमिटीमा पठाउने बताए। उनले पर्सा क्षेत्र नं १ को बैठक आज सम्पन्न भएको र क्रमशः क्षेत्र नं २, ३ र ४ को बैठक बसी प्रत्यक्ष र समानुपातिकतर्फ सिफारिश गर्ने बताए। क्षेत्रीय संयोजक शेखले प्रदेशसभा सदस्यको लागि प्रत्यक्ष र समानुपातिकतर्फ यसपछिको बैठकले निर्णय गर्ने जानकारी गराए।

# निश्शुल्क स्वास्थ्य घुम्ती शिविर

प्रस, वीरगंज, १५ भदौ/

ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, निश्शुल्क घुम्ती स्वास्थ्य शिविर सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

प्रभु अस्पताल, वीरगंज सामुदायिक आँखा अस्पतालको सहकार्य तथा रूँगटा वेलफेयरको सहयोगमा बुधवार दोस्रोपटक

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक दीपक गिरीले निश्शुल्क घुम्ती शिविरको उद्घाटन गरेका थिए।

आज आयोजित शिविरमा २४० जना पुरुष, ५० जना महिला गरी २९० जनाको स्वास्थ्य परीक्षण गरिएको ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतानले बताए। उनले शिविरमा स्वास्थ्य परीक्षण गरिएको र निश्शुल्क औषधिसमेत वितरण गरिएको बताए।

वीरगंजका व्यवसायी सुशील खेतानको सम्झनामा यसअघि पहिलो निश्शुल्क घुम्ती शिविर वीरगंज-४ बिर्तामा आयोजना गरिएको थियो। कार्यक्रममा प्रहरी निरीक्षक विशाल मल्ल, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्की, वीरगंज सामुदायिक आँखा अस्पतालका संयोजक महेशसिंह धामी, ग्रीन सिटीका मुरली जलानलगायतको सहभागिता थियो।

# सिम्रौनगढमा मालपोत कार्यालयको उद्घाटन

प्रस, सिम्रौनगढ, १५ भदौ/

सिम्रौनगढ नगरपालिकाको सानो इँटवाल रोडस्थित मालपोत कार्यालय, सिम्रौनगढको बुधवार उद्घाटन भएको छ।

सो कार्यालयको भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्री शशी श्रेष्ठले उद्घाटन गरेका थिए। उनले भाषण र लेखाइभन्दा पनि जीवनमा परिवर्तनको अनुभूति गर्ने काम गर्न चाहेको बताए। सिम्रौनगढ नपामा मालपोत कार्यालय सात वर्षअघि २०७२ असोजमा स्थापना भएको थियो। उनले आजदेखि सञ्चालनमा आएको मालपोत कार्यालयको सेवाले सिम्रौनगढवासीलाई फाइदा पुग्ने दाबी गरे।



तस्वीरः प्रतीक

संविधानसभा सदस्य डा गोपाल ठाकुरले पौराणिक पुस्तकहरू रामायण, महाभारत र पुराणहरूमा काशी, बनारस, मिथिला उल्लेख छन् र सोही मिथिला तिरहुतको राजधानी सिम्रौनगढ भएको बताए। उनले सिम्रौनगढको पहिचान विगतका पञ्चायती र राणाहरूले लोप गराएको आरोप लगाए।

भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिव रामप्रसाद थपलियाको अध्यक्षतामा भएको कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका महानिर्देशक पीताम्बर घिमिरे, सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरीप्रसाद कलवार, संविधानसभा सदस्य शिवचन्द्र कुशवाहा, जीतपुरसिमरा नगरपालिकाका प्रमुख राजन पौडेल, देवताल गाउँपालिकाका अध्यक्ष उदय यादव, आदर्श कोतवाल गाउँपालिकाका अध्यक्ष जवाहर साह, पचरौता नगरपालिकाका प्रमुख जलान्धर सिंह, सिम्रौनगढ नगरपालिकाका उपप्रमुख नजबु शेहर, प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जयसवाल, मालपोत कार्यालय, बाराका प्रमुख गोपाल बराल, नापी कार्यालय, बाराका प्रमुख श्रीचन्द दास, नापी कार्यालय, सिम्रौनगढका प्रमुख रामप्रमोद राउतलगायतको सहभागिता थियो।




# खेलकूदको संसार

## तीज कप नकआउट फूटबल प्रतियोगिता

## निर्मल समाज युवा क्लब फाइनलमा

चिरञ्जीवी सापकोटा, ठोरी, १५ भदौ/

हरितालिका तीजको अवसरमा ठोरी गाउँपालिका वडा नं १ मा जारी तीज कप नकआउट फूटबल प्रतियोगिताको दोस्रो सेमिफाइनल खेलमा गोल्डेन इमिनेट वसन्तपुर, माडीलाई पराजित गर्दै निर्मल समाज युवा क्लब, ठोरी-४ फाइनलमा प्रवेश गरेको छ।


तस्वीरः प्रतीक

निर्मल समाज युवा क्लबको १७ गते हुने फाइनल खेलमा वनशक्ति युवा क्लब, ठोरी-२ सँग आमनेसामने हुने पक्का भएको छ। निर्धारित समयमा दुवै टीमबाट कुनै पनि गोल हुन नसकेपछि टाइब्रेकरमा गोल्डेन इमिनेटलाई ५-४ गोल अन्तरले पाखा लगाउँदै निर्मल समाज युवा क्लबले फाइनलमा वनशक्ति युवा क्लबसँगको भेट पक्का गरेको हो। यस खेलको 'म्यान अफ दी म्याच' निर्मल समाज युवा क्लबका गोलरक्षक प्रवीण लामा घोषित भए।

## टी-ट्वान्टी वरीयतामा नेपाल एक स्थान तल झर्‍यो

काठमाडौं, १५ भदौ/रासस

टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट वरीयतामा नेपाल एक स्थान तल झरेको छ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले बुधवार सार्वजनिक गरेको नयाँ वरीयता अनुसार नेपाल एक स्थान तल झर्दै १६औं स्थानमा पुगेको हो। यसअघि नेपाल १५औं स्थानमा थियो। एकदिवसीय वरीयतामा भने नेपाल १९औं स्थानमा रहेको छ।

केन्याविरुद्धको पाँच खेलको टी-ट्वान्टी शृङ्खलाको उपाधि जितेको भएपनि नेपालको वरीयता भने खस्कियो। मङ्गलवार सम्पन्न उक्त शृङ्खला नेपालले ३-२ ले आफ्नो पक्षमा पारेको थियो। अब नेपालले केन्याविरुद्ध तीनवटा एकदिवसीय शृङ्खला खेल्नेछ। उक्त शृङ्खला यही भदौ १७ गतेदेखि शुरू हुनेछ।

टी-ट्वान्टीको नयाँ वरीयतामा भारत शीर्ष स्थानमा रहेको छ भने इङ्ग्ल्यान्ड दोस्रो तथा पाकिस्तान तेस्रो स्थानमा रहेको छ। यसैगरी, दक्षिण अफ्रीका चौंथो, न्युजिल्याण्ड पाँचौं, अस्ट्रेलिया छैटौं, वेस्ट इन्डिज सातौं, श्रीलङ्का आठौं, बङ्गलादेश नवौं र अफगानिस्तान दशौं स्थानमा छन्।

# पोखरियामा स्वास्थ्य चौकीको उद्घाटन

प्रस, वीरगंज, १५ भदौ/

पोखरिया नगरपालिका-९ सेमरवारी टोलमा आधारभूत स्वास्थ्य चौकीको उद्घाटन भएको छ।

नगरप्रमुख प्रद्युम्न चौहानले स्वास्थ्य चौकीको उद्घाटन गरेका हुन्। सो अवसरमा उनले नगरपालिकाको प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना गर्ने अभियान अन्तर्गत वडा नं ९ मा स्वास्थ्य चौकी निर्माण भएको बताए। उनले वडा नं ९ मा स्वास्थ्य चौकी निर्माण भएपछि नगरपालिकाको दशवटै वडामा स्वास्थ्य चौकी भएको बताए। वडावासीले स्वास्थ्य सेवाको लागि वडाबाहिर जानु नपर्ने उनको भनाइ छ।

वडाध्यक्ष नौशाद आलमको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा लोसपाका नेता निजामुद्दीन समानी, नेकाका रामेश्वर रौनियार, एमालेका विन्ध्याञ्चल ठाकुर, मनोज कुर्मी, रामेश्वर चौहानलगायतको सहभागिता थियो।

विज्ञापन आचारसंहिताको पालना गरौं।

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुर्‍याऔं।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रूपमा प्रयोग नगरौं।
- संवेदनशील अङ्ग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रूपमा प्रस्तुत नगरौं।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढावा दिने विज्ञापन नगरौं।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जबरजस्ती करणीमा सजाय पाएका व्यक्ति पक्राउ

प्रस, वीरगंज, १५ भदौ/

पर्सा प्रहरीले वीरगंजबाट जबरजस्ती करणी मुद्दामा सजाय पाएका एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा वीरगंज महानगरपालिका-१६ बस्ने अनिलप्रसाद चौरसिया रहेका छन्।

२०७६ असार १२ गते उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले जबरजस्ती करणी मुद्दामा चौरसियालाई दोषी ठहर गरेको थियो।

फैसला आदेशमा उनलाई छ वर्ष कैद र ३० हजार रुपैयाँ जरिवाना तोकिएको थियो।

घटनालगत्तै फरार भएका उनलाई वडा प्रहरी कार्यालय, बिर्ताबाट खटेको प्रहरी टोलीले गत सोमवार वीरगंज-१६ बाट पक्राउ गरेको थियो। अदालतको आदेशमा कैद भुक्तानका लागि सोमवार नै वीरगंज कारागार चलान गरिएको वडा प्रहरी कार्यालय, बिर्ताले जनाएको छ।

# सेनिटरी प्याड वितरण

प्रस, वीरगंज, १५ भदौ/

वीरगंज-१८ भवानीपुरस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा १५० जना छात्रालाई सेनिटरी प्याड वितरण गरिएको छ।



तस्वीरः प्रतीक

सुलभ सीपमूलक तालीम केन्द्र, सुखवाप्रसौनीको आयोजनामा बुधवार कार्यक्रम गरी सेनिटरी प्याड वितरण गरिएको हो। वडा नं १८ को वडा कार्यालयको आर्थिक सहयोगमा कक्षा ८ देखि १० सम्मका छात्राहरूलाई महीनावारीको बेला स्वच्छ रहन छ/छ थान सेनिटरी प्याड वितरण गरिएको हो।

वडाध्यक्ष उमाशङ्कर तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा वडा सचिव दीपेन्द्रप्रसाद कुर्मी, अहेब रामजितन चौरसियालगायतको सहभागिता रहेको प्रधानाध्यापक हरिमाधवप्रसाद यादवले जानकारी गराए।

## नदीजन्य पदार्थ उत्खनन....

आइइई रिपोर्ट तयार गरी नदीजन्य पदार्थको ठेक्का लगाएको भन्दै वन क्षेत्रभित्र लगाइएको नदीजन्य पदार्थ उत्खननको ठेक्का तुरुन्तै खारेज गर्न भन्दै निजगढ नपालाई त्यसै बेला जानकारी दिएको थियो।

वन कार्यालयले वन क्षेत्रभित्र नदीजन्य पदार्थ उत्खनन गरिए कारबाही गरिने सूचना प्रकाशित गरेपछि ठेकेदार वन क्षेत्रमा पसेको थिएन। सामुदायिक वन क्षेत्र, साझेदारी वन क्षेत्र, राष्ट्रिय वन क्षेत्र सबै नेपाल सरकार अन्तर्गतका सङ्घीय वा प्रदेश वन मन्त्रालय, वन विभाग मातहतभित्र पर्ने भएकोले वन क्षेत्रभित्र जथाभावी आइइई रिपोर्ट तयार गरी नदीजन्य पदार्थ उत्खनन गरेको पाइए जोसुकैलाई कडाइका साथ कानूनी दायरामा ल्याउने डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए।

स्थानीय तह आफैंले आइइई रिपोर्ट तयार गर्न लगाउने, आफैंले कार्यान्वयन गर्ने, आफैंले नियमनसम्म गर्न पाउने त्रुटिपूर्ण अधिकार पाएपछि कतिपय स्थानीय तहहरूको आम्दानीको स्रोत भन्दै नदीजन्य पदार्थमा छड्के नजर परेको हो।